


वर्ष ४९ अङ्क १२ भदौ २०८२ अगस्ट-सेप्टेम्बर २०२५

# वाणिज्य बैंकका सञ्चालक र प्रमुख कार्यकारी अधिकृतहरूसँग छलफल कार्यक्रम सम्पन्न



आ.व. २०८२/८३ का लागि जारी मौद्रिक नीतिले अवलम्बन गरेका व्यवस्थाहरूको कार्यान्वयन पक्ष, निर्माण प्रक्रियामा रहेको दोस्रो वित्तीय क्षेत्र विकास रणनीतिका तयारी गतिविधि र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको प्रस्तावित परिमार्जन लगायतका विषयमा नेपाल राष्ट्र बैंकले साउन १३ गते प्रमुख कार्यकारी अधिकृत (सीईओ) एवम् साउन १४ गते वाणिज्य बैंकका सञ्चालक समितिका अध्यक्षहरूसँग छुट्टाछुट्टै छलफल कार्यक्रम सम्पन्न गर्‍यो ।

कार्यक्रममा गभर्नर प्रा.डा.विश्वनाथ पौडेलले मौद्रिक नीतिका निश्चित उद्देश्यहरू रहने हुनाले यसले अर्थतन्त्रका सम्पूर्ण समस्याको समाधान गर्न सम्भव नहुने उल्लेख गर्दै वित्त नीतिले प्राथमिकतामा राखेका क्षेत्रहरूमा नीतिगत व्यवस्थामार्फत स्रोत परिचालन गर्नमा भने सहजीकरण गर्ने बताउनुभयो । साथै, उहाँले अर्थतन्त्रमा विश्वास अभिवृद्धि गर्ने उद्देश्यबाट नीतिगत परिवर्तन गरिएको बताउदै आगामी ६ महिनाको बैंकको कर्जा लगानी तथा ऋण असुली लगायतका विषयमा योजना तयार गर्न वाणिज्य बैंकका अध्यक्षहरूलाई निर्देशन समेत दिनु भएको थियो ।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले बैंकहरूले आन्तरिक नियन्त्रण तथा संस्थागत सुशासनमा जोड दिनुपर्ने धारणा राख्नुभयो । साथै, उहाँले मौद्रिक नीतिमा भएका व्यवस्थाहरूको उच्चतम सदुपयोग गरी सक्षम बैकिङ्ग प्रणालीको विकास गर्नुपर्ने आवश्यकता रहेको विचार व्यक्त गर्नुभएको थियो ।

उक्त कार्यक्रममा डेपुटी गभर्नर बम बहादुर मिश्रले सहजीकरण गर्नुभएको थियो भने बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरु प्रसाद पौडेलले “नेपालमा वाणिज्य बैंकहरूको समसामयिक अवस्था” विषयक कार्यपत्र प्रस्तुत



गर्नुभएको थियो ।

छलफलका क्रममा सहभागीहरूले आ.व. २०८२/८३ को मौद्रिक नीति स्वागतयोग्य रहेको धारणा व्यक्त गर्दै डिजिटल भुक्तानी र साइबर सुरक्षालाई सुदृढ गर्नुपर्ने, कृषि कर्जाका लागि छुट्टै नीतिगत व्यवस्था गर्नुपर्ने, गैर-बैंकिङ सम्पत्ति व्यवस्थापन गर्न सरकारी निकायहरूबाट सहयोग हुनुपर्ने, जलविद्युत क्षेत्र जस्ता नयाँ लगानीका क्षेत्रहरूको अध्ययन गर्नुपर्ने, बैंक शाखा मिलानका लागि आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने, अधिकारसम्पन्न सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना गर्नुपर्ने, विगतका असल ग्राहकहरू समेत हाल आएर डिफल्टरमा परिणत हुन थालेको विषयमा आवश्यक अध्ययन गर्नुपर्ने लगायतका धारणाहरू राखेका थिए ।

उक्त कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका का.मु. कार्यकारी निर्देशक मिना पाण्डेको समेत सहभागिता रहेको थियो भने कार्यक्रमको सञ्चालन गभर्नर कार्यालयका निर्देशक तथा बैंकको सञ्चालक समितिका सचिव शरण कुमार अधिकारीले गर्नुभएको थियो । ■

# विकास बैंक तथा वित्त कम्पनीका संचालक समितिका अध्यक्षहरूसँग अन्तरक्रिया सम्पन्न




वित्तीय संस्था सुपरिवेक्षण विभागले असार २४ गते विकास बैंक र वित्त कम्पनीका सञ्चालक समितिका अध्यक्षहरूसँग संस्थागत सुशासन सम्बन्धमा काठमाडौंमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यक्रममा गभर्नर डा. पौडेलले बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरू नीति निर्माणमा केन्द्रित हुने भएकोले कार्यकारी पदको जस्तो सेवा सुविधा प्राप्त नगरेतापनि वित्तीय स्थायित्वको लागि दत्तचित्त भएर जिम्मेवारी पुरा गर्नुपर्ने बताउनुभयो । साथै, उहाँले बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरूलाई आफ्नो व्यक्तिगत स्वार्थबाट माथि उठेर संस्थालाई नेतृत्व र अभिभावकीय भूमिका निर्वाह गर्न निर्देशन दिनुभयो ।

सो क्रममा उहाँले मुलुकको कुनाकाप्चामा अझैपनि कर्जाको पहुँच सन्तोषजनक नरहेको तथा प्रवाह भएका कर्जाको गुणस्तर पनि खस्कदो अवस्थामा रहेकाले सञ्चालकहरूले नीति तर्जुमा गरी संस्थाको वित्तीय अवस्था सुधार गर्दै वित्तीय स्थायित्व कायम गर्न सहयोग गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर बम बहादुर मिश्रले वित्तीय संस्थाको कर्जा जोखिम व्यवस्थापन र संस्थागत सुशासनको प्रवर्द्धनमा सञ्चालक समितिका अध्यक्षहरूको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै कर्जा प्रवाह गर्दाको बखतमा नै कर्जा तिर्न नसक्ने र नियतबस तिर्न नचाहने प्रवृत्ति प्रति सजग रहन सञ्चालकहरूको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा विभागका निर्देशक अनुज दाहालले 'ख' वर्गका वित्तीय संस्थाका सञ्चालक समितिका काम/कर्तव्य र अन्य पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रको प्रस्तुतिपश्चात् सहभागीहरूबीच छलफल भएको थियो । सो अवसरमा सहभागीहरूबाट कर्जा असुलीमा देखिएका समस्या, बढ्दो निष्क्रिय कर्जा अनुपात, पुँजी पर्याप्तता अनुपात र गैर बैकिङ्ग सम्पत्तिको बेचबिखनमा आइपरेका चुनौति एवं कानुनी झमेला जस्ता विषयमा धारणा तथा सुझाब दिनुभयो । साथै, संस्थाका अध्यक्षहरूले "ग" बर्गका वित्तीय संस्थाले वित्त बैंक लेख्न पाउनुपर्ने तथा सञ्चालकहरूले तलब भत्ता पाउने व्यवस्था गर्न समेत माग गर्नु भयो । सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल र वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले संयुक्त रुपमा सहभागीहरूको तर्फबाट उठेका जिज्ञासाहरूको सम्बोधन गर्नुभयो ।

कार्यक्रमको समापन मन्तव्य राख्दै विभागका कार्यकारी निर्देशक डा. तिमिल्सिनाले वित्तीय संस्थाको बर्गीकरण तथा कामकारबाहीका सन्दर्भमा बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०७३ मा भएका व्यवस्था अनुसार नै संस्था सञ्चालन हुनुपर्ने र सोही ऐनमा भएका व्यवस्थाका सम्बन्धमा सञ्चालक तथा व्यवस्थापन नै अनभिज्ञ रहेकाले सो सम्बन्धमा पर्याप्त जानकारी लिनुपर्ने बताउनुभयो । सो अवसरमा विभागका निर्देशक रञ्जना पौडेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रमको सञ्चालन उप-निर्देशक निरज अधिकारीले गर्नुभएको थियो । ■

# सिद्धार्थनगरमा समसामयिक विषयमा अन्तरक्रिया सम्पन्न

सिद्धार्थनगर कार्यालयले साउन ८ गते समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

गभर्नर प्रा. डा. विश्वनाथ पौडेलको उपस्थितिमा सम्पन्न कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरु प्रसाद पौडेल, सिद्धार्थनगर कार्यालयका निर्देशक रमेश आचार्य र गभर्नरको कार्यालयका निर्देशक शरण कुमार अधिकारी, एफएनसिसिआई र बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख/प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।



कार्यक्रममा गभर्नर डा. पौडेलले देशको अर्थतन्त्र गतिशील बनाउन आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिमा मौद्रिक उपकरणको रुपमा रहेको ब्याजदर करिडोरको सीमालाई केही प्रतिशत घटाईएको उल्लेख गर्दै वित्त नीतिले लिएका उद्देश्यहरू हासिल गर्नका लागि नेपाल राष्ट्र बैंक समन्वयकारी भूमिकाका लागि सदैव तयार रहेको बताउनुभयो । साथै, उहाँले बैंक तथा वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशनहरू पूर्ण पालना गर्दै गुनासाहरू नआउने वातावरण बनाउन र ब्याजदर तथा कर्जाका सर्तहरूका बारेमा ग्राहकहरूलाई सरल तरिकाले अनिवार्य रुपमा जानकारी उपलब्ध गराउन निर्देशन दिनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक श्री गुरु प्रसाद पौडेलले अर्थतन्त्रलाई गतिशील बनाउन सहयोग हुने गरी मौद्रिक नीतिको कार्यदिशा सजगतापूर्वक लचिलो बनाइएको कुरा बताउनु भएको थियो भने सिद्धार्थनगर कार्यालयका निर्देशक आचार्यले लुम्बिनी प्रदेशको आर्थिक तथा वित्तीय स्थिति सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षका लागि जारी मौद्रिक नीति अनुरुप निर्देशनहरू समयमै जारी हुनुपर्ने र अर्थतन्त्र चलायमान हुन सहयोग हुने गरी नीति, निर्देशनहरू जारी हुनुपर्नेमा जोड दिएका थिए । ■

# समसामयिक विषयमा सरोकारवालासँग अन्तरक्रिया

विराटनगर कार्यालयले गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा साउन २९ गते समसामयिक विषयमा छलफल कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा गभर्नर डा.पौडेलले उद्यमी व्यवसायीले भोग्नु परेका समस्या समाधानका लागि पहल गर्ने बताउदै उद्योग व्यवसायको विकासका लागि बैंक तथा वित्तीय संस्थाहरूको महत्वपूर्ण भूमिका रहने वताउनुभयो । कार्यक्रममा उहाँले निर्यात प्रवर्द्धनात्मक उद्योग व्यवसायको स्थापना र सञ्चालन मार्फत आयात प्रतिस्थापन गर्नुका साथै शोधनान्तर अवस्था सुदृढ बनाउन सकिने विचार व्यक्त गर्नुभयो ।



कार्यक्रममा सहभागीहरूले उद्योगी व्यवसायीले भोग्नु परेका समस्या, मौद्रिक नीतिको व्यवसाय मैत्री व्यवस्था, चालु पूँजी कर्जाको सीमा, Assets Management Company को स्थापना, चेक अनादर सम्बन्धी नियम, कर्जा पुनर्संरचना तथा पुनर्तालिकीकरण, एल.सी. कारोबारलाई थप सरलीकरण गर्नुपर्ने, बैंकहरूको NPA बढ्दै गएकोले ऋणीको धितो लिलामीमा विभिन्न निकायबाट सृजना हुने गरेका समस्या, विकास बैंकको आधार दर तथा क्षेत्रीय स्तरका विकास बैंकका लागि स्प्रेड रेटमा लचकता अपनाउनु पर्ने लगायतका विषयहरू राख्नुभयो ।

उक्त कार्यक्रममा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा.सत्येन्द्र तिमिल्सिना, गैह्र बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक चेतप्रसाद उप्रेती, विराटनगर कार्यालयका उप-निर्देशकहरू, कोशी प्रदेश एवं मोरङ्ग जिल्लाका वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र व्यापार संघका पदाधिकारी तथा प्रतिनिधिहरूका साथै वाणिज्य बैंकका प्रदेश प्रमुख, मुख्य कार्यालय भएका विकास बैंकका प्रमुख कार्यकारी अधिकृत लगायतको उपस्थिति रहेको थियो ।

विराटनगर कार्यालयका निर्देशक शैलेन्द्र रेग्मीले सञ्चालन तथा सहजीकरण गर्नु भएको उक्त कार्यक्रममा गभर्नर कार्यालयका निर्देशक शरण कुमार अधिकारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यतामाथि प्रकाश पार्नु भएको थियो । ■

# BOK– KPP कार्यक्रम सम्बन्धी समझदारी



नेपाल राष्ट्र बैंक र बैंक अफ कोरियाबीच '2025 BOK Knowledge Partnership Program' कार्यक्रम सञ्चालन गर्ने समझदारी भएको छ ।

साउन १८ गते काठमाडौंमा आयोजित एक कार्यक्रममा दुई बैंकबीच BOK-KPP को समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भयो । समझदारीपत्रमा नेपाल राष्ट्र बैंकको तर्फबाट गभर्नरको कार्यालयका का.मु. निर्देशक सुमन नेउपाने र बैंक अफ कोरियाको तर्फबाट उक्त बैंकको अन्तर्राष्ट्रिय मामिला विभागका Deputy Director General Dr. Dong Hyun Lee ले हस्ताक्षर गर्नुभएको थियो । समझदारीअनुसार नेपाल राष्ट्र बैंक, बैंक अफ कोरिया र डङ्गक युनिभर्सिटी, कोरियाको संयुक्त अनुसन्धान टोलीले 'Liberalization of Foreign Exchange Policy and Capital Flow Management' विषयमा अध्ययन/अनुसन्धान गर्नेछ ।

कार्यक्रममा कोरियाली टोलीका तर्फबाट Dr. Hyeong Joon Kim, Dr. Dong Hyun Choi, Mr. Seung Je Hong, / Mr. Raehyung Park ले 'Capital Account Liberalization, Foreign Exchange Liberalization' लगायत विषयमा र नेपाल राष्ट्र बैंकको तर्फबाट आर्थिक अनुसन्धान विभागका सहायक निर्देशक मुकेश प्रसाद साहले 'Current status of NRB foreign exchange policy and Capital Account Liberalization' सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी कोरियाली टीमको तर्फबाट चार जना अनुसन्धानकर्ताहरूले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

तत्पश्चात् सहभागीहरूबीच कार्यपत्रउपर छलफल भएको थियो । कार्यक्रममा डङ्गक युनिभर्सिटीका प्राध्यापक Dr. Junesuh Yi ले समापन मन्तव्य राख्नुभएको थियो भने विदेशी विनिमय व्यवस्थापन विभागका का.मु.निर्देशक संजिव कुमार झाले धन्यवाद ज्ञापन सहित आफ्नो मन्तव्य राख्नुभएको थियो ।

यस वर्षको कार्यक्रमअन्तर्गत तीन वटै निकायका संयुक्त अनुसन्धान टोलीले Liberalization of Foreign Exchange Policy and Capital Flow Management विषयमा अध्ययन/अनुसन्धान गर्नेगरी २०८२ साउन १८ गते सोसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो । बैंक अफ कोरियाको तर्फबाट BOK–KPP कार्यक्रम कार्यान्वयनमा ल्याइएको यो नवौं पटक हो । सन् २०१७ बाट उक्त कार्यक्रम सुरु भएको थियो । ■

# वित्तीय साक्षरता कार्यक्रम सम्पन्न




वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले साउन १९ गते बागमती प्रदेशस्थित विदुर नगरपालिका-२, नुवाकोटमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गऱ्यो । आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक नरेश शाक्यको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा उद्योग वाणिज्य संघ नुवाकोट, विदुर नगरपालिका, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू, स्थानीय साना व्यवसायी, युवा, किसान लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा महाशाखाका उप-निर्देशक इन्द्र त्रिविक्रम पहारीले वित्तीय साक्षरताको अवधारणा, आधारभुत वित्तीय ज्ञान, आवश्यकता र चाहनामा फरक, व्यक्तिगत वित्त र सोको प्राथमिकता निर्धारण, बचत, लगानी, कर्जा, विप्रेषण, बिमा, वित्तीय अनुशासन विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक शाक्यले उपस्थित सहभागीहरूको जिज्ञासाको सम्बोधन गर्दै वित्तीय साक्षरताको महत्वबारे प्रकाश पार्नु भयो । साथै, उहाँले कर्जा लिंदा पूर्णरुपमा जानकारी लिएर मात्र कारोबार गर्न, डिजिटल कारोबार गर्दा हुन सक्ने ठगीबाट जोगीन, उपहार तथा चिठ्ठाको लोभ देखाई ठगी गर्ने जस्ता घटनाहरूबाट सतर्क रहन, व्यवसायको बीमा गरी सम्भावित नोक्सानीबाट जोगिन र बैंकिङ प्रणालीमार्फत मात्र वित्तीय कारोबार गर्न सुझाव दिनुभयो । उद्योग वाणिज्य संघ, नुवाकोटका अध्यक्ष राजेन्द्र श्रेष्ठले मन्तव्य राख्दै कार्यक्रम आयोजनाका लागि नेपाल राष्ट्र बैंकलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन सहायक निर्देशक शारदा लोहनीले गर्नुभएको थियो ।

त्यसैगरी, महाशाखाले नेपाल राष्ट्र बैंक धनगढी कार्यालयको समन्वयमा कार्यकारी निर्देशक डा. गुणाकर भट्टको प्रमुख आतिथ्यतामा साउन १७ गते सुदुरपश्चिम प्रदेशस्थित डोटीको कपल्लेकीमा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सम्पन्न गऱ्यो ।

श्री केदारेश्वर मा.वि. का विद्यार्थी तथा शिक्षक, स्थानीय साना व्यवसायी, महिला, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसहित १३५ जनाको उपस्थिति रहेको कार्यक्रममा महाशाखाका सहायक निर्देशक रोलेन्द्र विक्रम जवेगुले विद्यार्थीलाई उद्यमी बन्न वित्तीय सेवाहरूबाट लिन सकिने लाभ, सफा नोट नीति, नोटको जतन लगायतका विषयमा





कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि कार्यकारी निर्देशक डा.भट्टले सहभागीबाट राखिएका जिज्ञासाको सम्बोधन गर्दै उद्यमशीलताका लागि वित्तीय साक्षरताको महत्वबारे प्रकाश पार्नुभएको थियो । साथै, उहाँले उद्यमशिलताका लागि स्थानीय स्रोत साधनको अधिकतम प्रयोगमा जोड दिनुभयो ।

उक्त कार्यक्रममा धनगढी कार्यालयका का.मु. निर्देशक मेघनाथ तिमिल्सिनाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नु भएको थियो भने महाशाखाका सहायक निर्देशक देवेन्द्र निरौलाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

त्यस्तैगरी, महाशाखाले साउन २१ गते नाइटिङ्गेल इन्टरनेशनल सेकण्डरी स्कुल, कुपण्डोल, ललितपुरका कक्षा १० मा अध्ययनरत ४० जना विद्यार्थीहरूलाई नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय बालुवाटार परिसरमा अवलोकन भ्रमण तथा बैंक तथा वित्तीय संस्था नियमन विभागको सभाहलमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा महाशाखाका का.मु. निर्देशक शिखा अधिकारी रेग्मीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा विद्यार्थीहरूलाई वित्तीय साक्षरता सम्बन्धी खेल खेलाइएको थियो भने महाशाखाका उप-निर्देशक निकी महर्जनले वित्तीय साक्षरताको अवधारणा, आधारभुत वित्तीय ज्ञान, आवश्यकता र चाहनामा फरक, व्यक्तिगत वित्त र सोको प्राथमिकता निर्धारण, बचत, लगानी, कर्जा, विप्रेषण, बिमा, वित्तीय अनुशासन, डिजिटल कारोबारसम्बन्धी आधारभुत ज्ञान, विद्युतीय भुक्तानीका फाइदाहरू, विद्युतीय भुक्तानीमा हुन सक्ने जोखिम र ठगी लगायतका विषयमा प्रस्ट पार्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा, डेपुटी गभर्नर बम बहादुर मिश्रको उपस्थितिमा फोटोसेसन समेत गरिएको थियो । ■

# मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

आर्थिक अनुसन्धान विभाग, मूल्य महाशाखाले साउन ९ गते मकवानपुर जिल्लाको इन्द्रसरोवर बजारकेन्द्रमा मूल्य तथ्याङ्क सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो । विभागका कार्यकारी निर्देशक डा.रामशरण खरेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा मूल्य तथ्याङ्क संकलक, स्रोत पसल, शिक्षक, जनप्रतिनिधि र स्थानीय संघ संस्थाहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक डा.खरेलले मूल्य तथ्याङ्कको महत्वको बारेमा चर्चा गर्दै मूल्य संकलकहरूलाई निर्धारित समयमा तोकिएका पसल/व्यवसायबाट यथार्थ मूल्य संकलन गर्न निर्देशन दिनुभयो । डा. खरेलले इन्द्रसरोवर गाउँपालिकाको वडा नं १ बाट मूल्य संकलन गर्नुको कारण उल्लेख गर्दै स्रोत पसल र संघ/संस्थाहरूलाई यथार्थपरक मूल्य विवरण दिई सहयोग पुऱ्याउन अनुरोध गर्नुभयो ।




श्री सरस्वती बालबोधिनी माध्यमिक विद्यालयमा आयोजित उक्त कार्यक्रममा सोही विद्यालयका शिक्षक तथा मूल्य संकलक प्रतिनिधि सहदेव रिमालले सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । कार्यक्रममा मूल्य तथ्याङ्कको आवश्यकता, महत्व र तथ्याङ्क सङ्कलनमा देखिएका समस्याहरूका बारेमा विभागका उप-निर्देशक रविन्द्र महर्जनले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र उपर मन्तव्य राख्दै विद्यालयका प्रधानाध्यापक रामशरण दाहालले मूल्य तथ्याङ्कको महत्वको बारेमा प्रकाश पार्नुभएको थियो । त्यसैगरी, इन्द्रसरोवर गाँउपालिका वडा नम्बर १ का वडा अध्यक्ष सुबास थापा मगरले मूल्य तथ्याङ्क प्रदायक स्रोत पसलहरूलाई यथार्थ मूल्य तथ्याङ्क उपलब्ध गराउनु राज्य प्रतिको दायित्व रहेको बताउनु भयो । साथै बजारकेन्द्रमा बैंक सेवा उपलब्ध नहुँदा स्थानीयलाई समस्या परेको गुनासो समेत गर्दै कार्यक्रम आयोजना गरेकोमा नेपाल राष्ट्र बैंकलाई धन्यवाद दिनुभएको थियो । उक्त कार्यक्रम विभागका सहायक राजकुमार बस्नेतले सञ्चालन गर्नुभएको थियो । ■

# वित्तीय जानकारी इकाईद्वारा अनुशिक्षण कार्यक्रम सम्पन्न



वित्तीय जानकारी इकाईले goAML Operational Guidelines तथा रिपोर्टिङ्का सम्बन्धमा बैंक तथा वित्तीय संस्था लगायतका सूचक संस्थाहरूको सहभागितामा काठमाडौंमा एक दिने अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

मार्च, २०२५ मा जारी गरेको goAML Operational Guidelines for BFIs (V3.1) को कार्यान्वयन अवस्था, कार्यान्वयनका क्रममा देखा परेका चुनौती र व्यवहारिक समाधानका उपायहरूको पहिचान गर्ने मुख्य उद्देश्य रहेको यस कार्यक्रममा इकाई प्रमुख वासुदेव भट्टराईले शंकास्पद कारोबार/गतिविधि प्रतिवेदनमा गुणात्मक सुधार ल्याउन सूचक संस्थाहरूबिच समन्वय, सहकार्य तथा सहयोग आवश्यक रहेकोले सबैको संयुक्त प्रयासबाट नै समस्याको विकल्प र समाधान निस्कने हुँदा सबैले आ-आफ्नो तर्फबाट यथासम्भव पहल गर्न निर्देशन दिनुभएको थियो ।

इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले स्वागत मन्तव्य राख्दै सम्पूर्ण "क" वर्गका बैंकको लागि मिति २०८१ चैत्र १६ बाट परिमार्जित मार्गदर्शन लागू भएपश्चात् Additional Information File (AIF) रिपोर्टिङ्ग हुने क्रम बढेको तर रिपोर्टिङ्गमा त्रुटीको मात्रा बढ्दै गएको, सूचनाहरू पूर्ण रुपमा प्राप्त हुन नसकेको तथा सूचक संस्थाहरूबीच समन्वयको अभाव देखिएकोले सो सम्बन्धमा बैंक तथा वित्तीय संस्था तथा अन्य सरोकारवालासँग छलफल गरी रिपोटिङ्गमा देखा परेका समस्याहरूको समाधान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको जानकारी गराउनु भयो ।

त्यस्तै इकाईका सहायक निर्देशक कमल पौडेलले goAML Operational Guidelines for BFIs V3.1 को कार्यान्वयनको अवस्था, Contra Entry, AIF रिपोर्टिङ्गको अवस्था, STR/SAR रिपोर्टिङ्गका क्रममा देखा परेका समस्याहरू तथा समाधानका उपायहरू सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सो कार्यक्रममा नेपाल बैंकर्स एसोशियसनको AML/CFT कमिटीका प्रतिनिधिहरूले समस्या र समाधानका उपायहरू प्रस्तुत गर्नुभएको थियो भने नेपाल क्लियरिङ्ग हाउस लिमिटेड तथा फोनपेका प्रतिनिधिहरूले आफुसँग सम्बन्धित विषयमा पछिल्लो प्रगति र भावी योजनाबारे जानकारी दिनुभएको थियो । नेपाल बैंकर्स एसोशियसनका प्रतिनिधिहरूले सरोकारवालाहरूबिच थप समन्वय गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा वाणिज्य बैंकका कार्यान्वयन अधिकारीहरू तथा सूचना प्रविधि विभाग प्रमुख/प्रतिनिधिहरू, नेपाल बैंकर्स एसोशियसनका प्रतिनिधिहरू, नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, फोनपे लगायतका सूचक संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । ■





# Digital Finance Innovation Hub (DiFI-Hub) मा Visa B2B Connect बारे छलफल सम्पन्न



भुक्तानी प्रणाली विभागअन्तर्गत स्थापना भएको Digital Finance Innovation Hub (DiFI-Hub) ले Visa B2B Connect उपकरण/सेवा नेपालमा सञ्चालन गर्नका लागि Visa Worldwide Pte. Ltd. लाई Non-Binding Guidance प्रदान गरेको छ ।

Visa Worldwide Pte. Ltd. ले विकास गरेको Visa B2B Connect उपकरण नेपालमा सञ्चालनमा ल्याउने प्रस्ताव उपर मिति २०८२/०३/१९ र मिति २०८२/०३/२४ मा Hub मा छलफल भएको थियो । छलफलमा हबको सचिवालयले तयार पारेको विश्लेषणात्मक टिप्पणी र सम्बन्धित संस्थाबाट तयार गरिएको विस्तृत प्रस्तुती पेश भएको थियो । प्रस्तुतीकरणपश्चात् प्रस्तावित उपकरणको सञ्चालन प्रक्रिया, यसको विश्वसनियता, अन्य मुलुकको अनुभव, नेपालको सन्दर्भमा आवश्यकता एवं अनुमति दिँदा पर्ने प्रभावलगायतका विषयमा छलफल गरिएको थियो ।

Visa Worldwide Pte. Ltd. यस बैंकबाट भुक्तानी प्रणाली सञ्चालकको अनुमतिपत्रप्राप्त संस्था हो भने Visa B2B Connect उक्त संस्थाले जारी गरेको अन्तरदेशीय भुक्तानीमा प्रयोग हुने विद्युतीय उपकरण/सेवा हो ।

बैंकिङ तथा भुक्तानी प्रणाली क्षेत्रका वित्तीय नवप्रवर्तकहरूलाई नियामकसँगको सहज पहुँच विस्तार गरी नवप्रवर्तनलाई थप उत्प्रेरित गर्ने उद्देश्यले DiFI-Hub को स्थापना भएको हो । यस संयन्त्रमा अन्य नियामक एवं सरोकारवाला निकाय र निजी क्षेत्रको समेत सहभागिता हुन सक्ने व्यवस्था गरिएको छ । ■

# पोखरा कार्यालय परिसरमा Fire Drill कार्यक्रम सम्पन्न


बैंकको व्यवसाय निरन्तरता योजना, २०२५ कार्यान्वयनको लागि पोखरा कार्यालय परिसरमा साउन १५ गते Fire Drill गराउने कार्य सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन गर्दै नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक दिपकराज लामिछानेले आगलागीका घटनाको असर न्युनीकरणका लागि अग्नि नियन्त्रक यन्त्र (Fire Extinguisher) चलाउन सिक्नु जीवनोपयोगी आधारभूत सीप रहेको उल्लेख गर्नुभयो । Fire Drill कार्यक्रममा परिक फायरफाइटर सप्लाईजका व्यवस्थापक श्रीनाथ वाग्लेले आगलागी हुने विभिन्न कारण र रोकथाम, अग्नि नियन्त्रक यन्त्रका प्रकार तथा त्यसको प्रयोगको विषयमा प्रकाश पार्दै अग्नि नियन्त्रक यन्त्र प्रयोग गर्ने तरिका प्रस्तुत गर्नुभयो । कार्यक्रममा कर्मचारीहरूले Fire Extinguisher को सहायताले आगो निभाउने अभ्यास गरेका थिए । ■



# 'एकीकृत निर्देशन, २०८१' मा संशोधन

बैंक तथा वित्तीय संस्था नियमन विभागले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०८१' मा संशोधन तथा परिमार्जन गरी असार ३२ गते परिपत्र जारी गरेको छ।

संशोधन तथा परिमार्जन गरिएको परिपत्र अनुसार २०८० कात्तिकको भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम लगायतका क्षेत्रमा संचालनमा रहेका व्यवसायहरूमा प्रवाहित कर्जा तथा उक्त क्षेत्रमा बसोवास गरिरहेका सर्वसाधारणले लिएको आवासीय घर कर्जा लगायत प्रयोजन खुलेका व्यक्तिगत कर्जालाई ऋणीको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा बुझाउनुपर्ने ब्याजको कम्तिमा १० प्रतिशत रकम असुलउपर गरी परिपत्रमा उल्लिखित सर्तहरूको अधीनमा रही कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिने जनाइएको छ।


नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका
इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको

एकीकृत निर्देशन, २०८१

(एकीकृत निर्देशन, २०८० र सो पश्चात २०८१ पुस मसान्तसम्म जारी भएका परिपत्र/निर्देशन समेतलाई समावेश गरी परिमार्जन गरिएको)

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग
२०८१ पुस

साथै, कुनै एक वा सबै इजाजतपत्रप्राप्त संस्थाहरूबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको अधिकतम एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) कुल रु. २५ करोड कायम गरिएको छ। यसैगरी, रियलस्टेट कर्जा र सोको धितो सुरक्षणको Fair Market Value बीचको अनुपात (Loan to Value Ratio) बढीमा ५० प्रतिशतसम्म मात्र कायम गर्नु पर्नेछ। तर, निजी आवासीय घर कर्जा (Personal Residential Home Loan) र नियमानुसार दर्ता भई सञ्चालनमा रहेका नेपाल सरकारबाट स्वीकृति प्राप्त घर निर्माण व्यवसाय कम्पनीहरू/ परियोजनाहरूलाई आवासीय घर निर्माणको लागि प्रदान गरिने कर्जाको हकमा यस्तो अनुपात (Loan to Value Ratio) बढीमा ७० प्रतिशतसम्म कायम गर्न सकिने उल्लेख छ।

यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरूलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) ६.० प्रतिशत कायम गरिएको साथै, ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा दर ६.० प्रतिशत, तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दर २.७५ प्रतिशत र नीतिगत दरको रुपमा रहेको रिपो दरलाई ४.५ प्रतिशत कायम गरिएको संशोधित परिपत्रमा उल्लेख छ।

यसैगरी, बैंक तथा वित्तीय संस्था नियमन विभागले 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१' मा संशोधन, थप तथा परिमार्जन गरी असार २६ गते परिपत्र जारी गरेको छ।

संशोधन तथा परिमार्जन गरिएको परिपत्र अनुसार इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूले मिति २०८२/०४/०१ भन्दा अगाडि प्रवाह गरेको तथा हाल बक्यौता रहेको कर्जाको हकमा आफ्ना ग्राहकसँग लिने ब्याजदर अधिकतम् १५ प्रतिशतसम्म निर्धारण गर्न सक्ने जनाइएको छ। लघुवित्त वित्तीय संस्थाहरूले आफ्ना ग्राहकसँग कर्जामा लिने ब्याजदर आफ्नो आधार दरमा बढीमा ३ प्रतिशत बिन्दुसम्म प्रिमियम थप गरी त्रयमासिक रुपमा निर्धारण गर्नु पर्नेछ।

यसरी ब्याजदर निर्धारण गर्दा लघुवित्त वित्तीय संस्थाहरूले आफ्नो पछिल्लो तीन महिनाको प्रकाशित औसत आधार दरमा प्रिमियम थप गरी निर्धारण गर्नुपर्ने तर कर्जामा लिने ब्याजदर निर्धारण गर्दा यस बैंकबाट प्रकाशित 'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति' मा उल्लेख भएबमोजिम वाणिज्य बैंकहरूको पछिल्लो मासिक औसत आधार दरमा ९ प्रतिशत बिन्दु थप गर्दा हुन आउने दरभन्दा बढी नहुने गरी कर्जाको ब्याजदर निर्धारण गर्नुपर्ने उल्लेख छ। ■

# 'एकीकृत परिपत्र, २०८१' मा संशोधन

विदेशी विनिमय व्यवस्थापन विभागद्वारा विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०८१' मा संशोधन/परिमार्जन/थप गरी साउन १ गते एकीकृत परिपत्र जारी गरेको छ।

उक्त परिपत्र अनुसार भारत बाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकहरूलाई राहदानी बापत प्रति पटक अमेरिकी डलर ३,०००।- वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्म सटही सुविधा दिन सकिने उल्लेख छ। इ.प्रा. परिपत्र ७/२०८१ को दफा १ मा उल्लिखित राहदानी बापतको सटही सुविधा र दफा २ मा उल्लिखित औपचारिक भ्रमण बापतको सटही सुविधा परिवर्त्य विदेशी मुद्राको खातामा जम्मा गरी (नयाँ खाता खोली समेत) उपलब्ध गराउन सकिने एकिकृत परिपत्रमा थप गरेको छ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को परिच्छेद-६ ख. तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग निवारण नियमावली, २०८१ को परिच्छेद-६ बमोजिम सूचक संस्थाले निर्वाह गर्नु पर्ने दायित्वका सम्बन्धमा अनुसूची- १ बमोजिमको "Guideline on Targeted Financial Sanctions for Financial Institutions" जारी गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु पर्ने व्यवस्था एकीकृत परिपत्रमा थप गरेको छ। ■

# विभिन्न विभागहरुद्वारा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

## गभर्नरको कार्यालय

गभर्नरको कार्यालयद्वारा साउन २१ गते भर्चुअल माध्यमबाट ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गर्‍यो। उक्त कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा.रामशरण खरेलले “आ.व. २०८२/८३ को मौद्रिक नीतिको व्यवस्थाका सन्दर्भमा” विषयक वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले मौद्रिक नीति तर्जुमाको समष्टिगत आधार, मौद्रिक नीतिको संरचना: उद्देश्य, लक्ष्य र प्राथमिकता, आर्थिक तथा वित्तीय क्षेत्रमा पर्ने प्रभाव, मौद्रिक नीति कार्यान्वयनबाट अपेक्षा लगायतका विषयमा चर्चा गर्नु भएको थियो।

कार्यक्रममा उपत्यकास्थित विभिन्न विभाग/कार्यालय र प्रदेशस्थित कार्यालयका २५० भन्दा बढी कर्मचारीको सहभागिता रहेको थियो।

## संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले साउन ११ गते "Risk Management Practices at NRB" विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा विभागका सहायक-निर्देशक पुष्कर खनालले विभागबाट बैंकका सम्पूर्ण विभाग/कार्यालय/महाशाखा/इकाई एवम् प्रदेशस्थित कार्यालयहरूको जोखिम व्यवस्थापन सम्बन्धमा भए गरेका काम कारवाहीहरूको स्थलगत अनुगमन एवं पहिचान भएका जोखिमको न्यूनीकरणका लागि चालिनु पर्ने कदमका सम्बन्धमा वार्ता प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले स्थलगत अनुगमनको क्रममा विद्यमान जोखिम न्यूनीकरणका लागि गरिएको पहल एवम् सम्भावित जोखिमहरूको यथार्थपरक पहिचान गर्नुपर्ने तथा प्राप्त जोखिम पुस्तिकामा उल्लेख भएका जोखिमहरूको सही अध्ययन तथा विश्लेषण गरी जोखिम व्यवस्थापन समितिमा निर्धारित समयमा प्रतिवेदन पेश गर्न र समितिले दिएका निर्देशनहरूको तदारुकताका साथ पालना गर्नुपर्नेमा जोड दिनुभयो।

उक्त कार्यक्रमको उद्देश्य र उपादेयता सम्बन्धमा निर्देशक श्री दुर्गेश गोपाल श्रेष्ठले प्रकाश पार्नुभएको थियो भने कार्यक्रम सञ्चालन उप-निर्देशक धिरेन्द्र कुमार आर.सी.ले गर्नुभएको थियो।

## वित्तीय संस्था सुपरिवेक्षण विभाग

वित्तीय संस्था सुपरिवेक्षण विभागले साउन १५ गते ज्ञान आदान प्रदान कार्यक्रम सम्पन्न गर्‍यो।

विभागको सभाहलमा आयोजित कार्यक्रममा सहायक निर्देशक प्रज्ञा सुवालले “Onsite Supervision को वित्तीय विवरणको नयाँ ढाँचा र उक्त ढाँचामा समावेश गर्नुपर्ने” विषयमा प्रस्तुतिकरण गर्नुभयो। कार्यक्रममा वार्ता प्रस्तुत गर्नु हुँदै सहायक निर्देशक सुवालले Input Sheet, Input Provision, Input Camels, Financial Indicator Capital Adequacy Ratio (CAR) जस्ता बिषयमा प्रकाश पार्नुको साथै तथ्यांकहरूको स्रोत र Mandatory Field भरेपछि प्राप्त हुने परिणामको बारेमा जानकारी गराउनुभएको थियो।

कार्यक्रम पश्चात विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले सहभागीको तर्फबाट उठेका जिज्ञासाहरूको संबोधन गर्नुभएको थियो। समापन मन्तव्यको क्रममा कार्यकारी निर्देशक डा. तिमिल्सिनाले समष्टिगत स्थलगत निरीक्षणको क्रममा निरीक्षण टोलीले पालना गर्नुपर्ने आचारसंहिता र पालना गर्नुपर्ने कार्यविधि माथि प्रकाश पार्नुको साथै प्रतिवेदन लेखन कार्य समयमा नै सक्नु पर्ने विषयमा जोड दिनुभयो।

कार्यकारी निर्देशक डा. तिमिल्सिनाले सुपरिवेक्षकीय कार्यलाई थप प्रभावकारी बनाउन Individual Bank Supervisor (IBS) को सुरुवात गर्नुको साथै कर्मचारीहरूलाई IBS Officer तोकेर सम्बन्धित संस्थाको जानकारी राख्नुपर्ने विषयमा निर्देशन दिनुभयो। साथै, सबै कर्मचारीहरूले वित्तीय विवरण तयार गर्न ज्ञान, सीप र दक्षता हासिल गरी निरीक्षण प्रतिवेदनको गुणस्तर एवम् सुपरिवेक्षकीय कार्यक्षमतामा सुधार गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो। उक्त कार्यक्रमको सञ्चालन उप निर्देशक श्री प्रेमलाल ज्ञवालीले गर्नुभएको थियो।


## भुक्तानी प्रणाली विभाग

भुक्तानी प्रणाली विभागले साउन २२ गते ज्ञान आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ।

सो कार्यक्रममा Partner in Cyber Security Consulting at Ernst & Young (EY), India का Krishna Sastry Pendyala



वित्तीय संस्था सुपरिवेक्षण विभाग



भुक्तानी प्रणाली विभाग

ले "Cyber Security" विषयमा प्रस्तुतिकरण गर्नुभयो । वार्ताका क्रममा वार्ताकारले Cyber Crime का प्रचलित Typology विभिन्न घटनाबाट प्राप्त अनुभव एवं Cyber Risk Management का सम्बन्धमा अपनाउनुपर्ने उपायहरूका बारेमा चर्चा गर्नुभयो ।

उक्त कार्यक्रममा कार्यकारी निर्देशक किरण पण्डितले आधुनिक प्रविधिको प्रयोगले वित्तीय सेवाको प्रयोगलाई थप सहज बनाउदै लगेतापनि यसबाट चुनौतीहरू समेत थपिएको तथा साइबर आक्रमणको संख्या बढ्दै गएकोले वित्तीय कारोबार गर्दा थप सजग हुनुपर्ने आवश्यकता औंल्याउदै अनुमतिपत्र प्राप्त संस्थाहरूले Cyber Security का साथै Fraud Risk Management को प्रयासलाई थप सुदृढ गर्दै लानुपर्ने धारणा व्यक्त गर्दै API Standardization, Data Protection, System Audit जस्ता विषय प्राथमिकतामा रहेको विषय औंल्याउनुभएको थियो ।

कार्यक्रमको सञ्चालन सहायक (सु.प्र) आयुष विष्टले गर्नुभएको थियो ।

## पोखरा कार्यालय

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले साउन १९ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । कार्यालयका निर्देशक दिपकराज लामिछानेको संयोजकत्वमा आयोजित उक्त कार्यक्रममा उप-निर्देशक सुदिप त्रिपाठीले "Machine Learning in Central Bank" विषयमा वार्ता प्रस्तुत गर्नुभयो । उहाँले पछिल्लो समयमा Artificial Intelligence/ Machine Learning को प्रयोगमा भएको विस्तार तथा विभिन्न देशका केन्द्रीय बैंकमा यसको प्रयोगका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

कार्यालयका निर्देशक लामिछानेज्युले प्रस्तुतीका लागि धन्यवाद दिँदै उक्त विषयवस्तुले कृत्रिम बौद्धिकताका बारेमा जानकार हुन सहयोग पुग्ने अपेक्षा राख्दै पछिल्लो समयमा अन्तर्राष्ट्रिय स्तरमा समेत Machine Learning को प्रयोग बढ्दै गएको परिप्रेक्ष्यमा नेपाल राष्ट्र बैंकले पनि सोको प्रयोग गरी नीति निर्माण गर्न सक्ने बताउनु भयो । कार्यक्रमको सञ्चालन सहायक बिनिता पराजुलीले गर्नुभएको थियो ।

## नेपालगञ्ज कार्यालय

नेपालगञ्ज कार्यालयले साउन २९ गते ज्ञान आदान-प्रदान कार्यक्रम सम्पन्न गऱ्यो । कार्यक्रममा कार्यालयका सहायक निर्देशक मामराज पथिकले आ.व.२०८१/८२ मा अनुसन्धान इकाईद्वारा गरिएको विशेष अध्ययनको शीर्षक "Impact of Remittance on Consumption and Investment : A case study of East Rukum" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले उक्त विशेष अध्ययन प्रतिवेदनको अध्ययनको पृष्ठभूमी, Literature Reviews, Rationale and Objectives of the study, Methodology used in the study, Regression Results, Conclusion and Policy Recommendations लगायतका विषयहरूमा प्रकाश पार्नुका साथै सहभागी कर्मचारीहरूबाट प्राप्त जिज्ञासाहरूको सम्बोधन समेत गर्नुभएको थियो । कार्यालयका निर्देशक नारायण प्रसाद पोखेलको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा कार्यालयका ३३ जना कर्मचारीहरूको सहभागिता रहेको थियो भने कार्यक्रमको सञ्चालन सहायक निर्देशक रेणु सुवालले गर्नुभएको थियो । ■



पोखरा कार्यालय



नेपालगञ्ज कार्यालय

# मौद्रिक नीतिमा कर्जा विस्तारको आयाम



डा. रामशरण खरेल
कार्यकारी निर्देशक

## १. परिचय

आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासका निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्ने मूलभूत उद्देश्यका साथ आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति २०८२ असार २७ गते सार्वजनिक भएको छ। पछिल्लो समय आर्थिक गतिविधिमा सुधार आउन थाले पनि कोभिड अघिको स्थितिमा पुग्न नसकेको, समष्टिगत माग पक्ष केही कमजोर देखिएको र बैंकिङ क्षेत्रमा न्यून ब्याजदर तथा अधिक तरलताको बाबजुद कर्जा विस्तार अपेक्षित रुपमा हुन नसकेको पृष्ठभूमिमा मौद्रिक नीति तर्जुमा भएको छ। यसै सन्दर्भमा मौद्रिक नीतिले कर्जा विस्तारलाई प्राथमिकता दिनुको कारण र अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरूका बारेमा यस लेखमा संक्षिप्त विश्लेषण गरिएको छ।

## २. कर्जा विस्तारको आवश्यकता

मौद्रिक नीति तर्जुमा गर्दा अर्थतन्त्रमा मूलत चार प्रकारका प्रवृत्तिहरू देखिएका थिए। पहिलो, आर्थिक क्रियाकलाप क्रमशः लयमा फर्कन थालेको संकेत देखिए पनि कोभिड अघिको स्थितिमा पुग्न सकेको थिएन। समष्टिगत माग पक्ष कमजोर देखिएको र निजी क्षेत्रबाट हुने पुँजी निर्माण खस्कँदै गएको स्थिति थियो। तसर्थ, बैंकिङ क्षेत्रमा विद्यमान बढ्दो तरलता र घट्दो ब्याजदरको लाभ अर्थतन्त्रले पाउने गरी नीतिगत सुधार आवश्यक थियो।

दोस्रो, नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ठ गरेको मौद्रिक लक्ष्यहरू सहज अवस्थामा रहेका थिए। मुद्रास्फीति लक्ष्यभन्दा कम र विदेशी विनिमय सञ्चिति पर्याप्त रहेकोले समष्टिगत माग अभिवृद्धिको लागि लचिलो मौद्रिक नीति अवलम्बन गर्न सकिने दरिलो आधार बनेको थियो।

तेस्रो, बैंकिङ क्षेत्रमा एकातर्फ कर्जाको गुणस्तर खस्कँदै गएकोले ऋण प्रवाह गर्ने क्षमता कमजोर हुँदै गएको थियो भने अर्कोतर्फ कालो सूचीमा पर्नेको संख्या समेत बढ्दै गएकोले उच्च तरलता र न्यून ब्याजदरका बाबजुद अपेक्षित रुपमा कर्जा विस्तार हुन सकेको थिएन। कतिपय व्यावसायिक क्षेत्रको कारोबारमा शिथिलता आई न्यूनतम आम्दानीको अभावमा थप कर्जा लिने क्षमता प्रभावित भएको थियो। आम्दानी-ऋण चक्रमा

**समष्टिगत माग कमजोर भएको पृष्ठभूमिमा मुद्रास्फीति निरन्तर कम हुनुको साथै बचतको औसत ब्याजदर मुद्रास्फीतिभन्दा बढी रहेकोले ब्याजदरमा केही लचकता कायम गर्न सकिने स्थिति थियो।**

सामञ्जस्यता कायम हुन नसकेको कारणले पनि कर्जा विस्तार प्रभावित भएको थियो। धितोको अभाव वा धितो मूल्य घटेको कारणले पनि कर्जा प्रभावित भयो। त्यसैगरी, कतिपय बैंक तथा वित्तीय संस्थाहरूले गत आर्थिक वर्ष कर्जा प्रवाहमा भन्दा असुलीमा बढी ध्यान दिएकाले पनि कर्जा प्रभावित भएको देखिन्छ।

चौथो, अन्तर्राष्ट्रिय अभ्यास हेर्दा जापान, स्वीट्जरल्याण्ड, स्वीडेन र डेनमार्क लगायतका मुलुकहरूमा विगतमा न्यून मुद्रास्फीति, न्यून आर्थिक वृद्धि र न्यून कर्जा विस्तारको चक्र लामो समयसम्म कायम रहदा वाणिज्य बैंकहरूको अधिक तरलतामा केन्द्रीय बैंकले ऋणात्मक ब्याजदर कायम गराएको देखिन्छ। एकातर्फ व्यक्ति तथा व्यवसायलाई खर्च गर्न उत्प्रेरित गर्ने र अर्कोतर्फ बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा प्रवाहमा प्रोत्साहित गरी समष्टिगत मागमा सुधार ल्याउने अभिप्रायले त्यस्तो नीति अवलम्बन गरिएको देखिन्छ। हाम्रो जस्तो विकासशील मुलुकमा बचत प्रोत्साहित गर्नु त्यत्तिकै आवश्यक रहेकाले त्यो हदसम्मको मौद्रिक उदारता कायम गर्नु कठिन छ। तर समष्टिगत माग कमजोर भएको पृष्ठभूमिमा मुद्रास्फीति निरन्तर कम हुनुको साथै बचतको औसत ब्याजदर मुद्रास्फीतिभन्दा बढी रहेकोले ब्याजदरमा केही लचकता कायम गर्न सकिने स्थिति थियो।

उपर्युक्त परिस्थितिमा मौद्रिक नीति तर्जुमा गर्दा एकातर्फ समष्टिगत माग अभिवृद्धि गर्न ब्याजदरमा केही लचकता कायम गर्ने र अर्कोतर्फ नियामकीय व्यवस्थाहरूमा सहजीकरण गरी उत्पादनशील क्षेत्र तर्फ कर्जा विस्तारमा ध्यान दिनु आवश्यक देखिएको थियो।


## ३. मौद्रिक नीतिको कार्यदिशा र कर्जा विस्तार रणनीति

आर्थिक वर्ष २०८२/८३ मा मुद्रास्फीति ५ प्रतिशतको हाराहारी कायम गर्ने र न्यूनतम सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक लक्ष्य रहेको छ। मुद्रास्फीति र विदेशी विनिमय सञ्चिति सहज रहेको पृष्ठभूमिमा उपरोक्त लक्ष्य हासिल गर्दै आर्थिक वृद्धिमा सहयोग पुऱ्याउन मुद्रा प्रदाय १३ प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा १२ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ। मौद्रिक नीतिले एकातर्फ लचिलो कार्यदिशा अवलम्बन गरी ब्याजदरमार्फत् ऋण व्ययभार कम गराउने र अर्कोतर्फ नियामकीय व्यवस्थाहरूमा सहजीकरण गरी कर्जा प्रवाहलाई प्रोत्साहित गर्ने रणनीति अवलम्बन गरेको देखिन्छ।

**(क) ब्याजदर:** मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाहरूको अल्पकालीन ब्याजदर केही कम गर्दै उत्तार चढाव कम हुने उपायहरू अवलम्बन गरेको छ। यसका लागि ब्याजदर करिडोरको तल्लो सीमाका रुपमा रहेको स्थायी

निक्षेप सुविधा दर ०.२५ प्रतिशत विन्दुले घटाई २.७५ प्रतिशत र नीतिगत दर ५.० प्रतिशतबाट घटाई ४.५ प्रतिशत निर्धारण गरिएको छ। करिडोरको तल्लो सीमा र नीतिगत दर घटाइएकाले कर्जाको ब्याजदर सोही अनुरुप कम हुँदा ऋण लागत कम भई कर्जा प्रवाह प्रोत्साहित हुने देखिन्छ। विद्यमान ब्याजदर करिडोर संरचनामा अन्तरबैंक दर नीतिगत दरको हाराहारीमा रहने गरी तरलता व्यवस्थापन गर्न सकिने प्रावधान रहेकोले बचत परिचालन र मुद्रास्फीतिको प्रवृत्ति अनुसार गत वर्ष ३ प्रतिशत कायम रहेको अन्तरबैंक दर यो वर्ष ४.५ प्रतिशतको हाराहारीसम्म कायम गर्न सकिने व्यवस्था समेत रहेको छ।

ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा ६.५ प्रतिशतबाट घटाई ६.० प्रतिशत कायम गरिएको छ। करिडोरको माथिल्लो सीमाको लचकताबाट तत्काल असर पर्ने स्थिति नभएपनि तरलतामा चाप परेको समयमा अल्पकालीन ब्याजदरहरू ६.० प्रतिशत भन्दामाथि नजाने सुनिश्चित भएको छ। समग्रमा, ब्याजदर करिडोरको तल्लो सीमा र माथिल्लो सीमाबीचको दूरी ०.२५ बिन्दुले घटाइएकाले मौद्रिक नीतिबाट अल्पकालीन ब्याजदर स्थायित्व कायम गराउन समेत थप सघाउ पुगेको छ।




**(ख) नियामकीय व्यवस्था:** मौद्रिक नीतिले नियामकीय व्यवस्थाहरूमा परिमार्जन गरी कर्जा लिने व्यक्ति तथा व्यवसायलाई कर्जा प्राप्तिमा सहजीकरण गरेको छ भने कर्जा दिने निकाय अर्थात् बैंक तथा वित्तीय संस्थाहरूको कर्जा दिने क्षमता अभिवृद्धिमा जोड दिएको छ। सो अनुसार, चेक अनादरको

**तालिका १: कर्जा सहजीकरणका व्यवस्था**

| नागरिकलाई कर्जा प्राप्तिमा सहजीकरण | व्यावसायिक कर्जामा सहजीकरण | कर्जा दिने क्षमता अभिवृद्धिमा सहजीकरण |
|---|---|---|
| १. पहिलो निजी आवासीय घर निर्माणखरिद गर्दा रु ३ करोडसम्मको कर्जामा कर्जा मूल्य अनुपात ८० प्रतिशतसम्म कायम हुन सक्ने।<br>२. भूकम्प प्रभावित क्षेत्रमा बसोवास गरिरहेका व्यक्तिहरूले लिएको कर्जा २०८२ असोजसम्म न्यूनतम १० प्रतिशत ब्याज चुक्ता गरी पुनरतालिकीकरण / पुनरसंरचना गर्न सक्ने।<br>३. सेयर कर्जामा एकल ग्राहक कर्जा सीमा रु.१५ करोडबाट बढाई रु.२५ करोड गरिएको।<br>४. वैदेशिक रोजगारीमा जाने पुरुषलाई रु.३ लाख र महिलालाई रु ५ लाखसम्मको कर्जालाई विपन्न वर्गको कर्जामा गणना गरिने।<br>५. चेक अनादरको कारण कालो सूचीमा पर्ने विद्यमान व्यवस्थामा सहजीकरण गरिने। | १. व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रको आधारमा कर्जा प्रवाह सहजीकरण गर्न चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन परिमार्जन गरिने।<br>२ बैंक तथा वित्तीय संस्थाहरूले कृषि फसल, कृषियोग्य जमिन र कृषि व्यवसाय संरचनाको धितो आफैंले मूल्याङ्कन गरी रु.१० लाखसम्म कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्ने। यस्तो कर्जाको ग्रेस अवधिमा न्यूनतम कर्जा नोक्सानी व्यवस्था गरिने।<br>३. नार्कले सिफारिस गरेका जातका कृषि उपजहरूको उत्पादनमा कर्जा सहजीकरण गरिने।<br>४. हुलाकी राजमार्ग र मध्य-पहाडी लोकमार्ग आसपासका क्षेत्रमा सञ्चालित खाद्य स्वच्छता स्तरीकरण लोगो लिएका होटल/ रेष्टुरेन्ट र राजमार्ग/ लोकमार्गको मुख्य बजार आसपासका उद्योग व्यवसायीहरूलाई प्रवाह हुने रु. ३ करोडसम्मको कर्जालाई साना तथा मझौला उद्यममा प्रवाह भएको कर्जामा गणना गरिने।<br>५. भूकम्प प्रभावित क्षेत्रमा परियोजना रहेका व्यावसायिक कर्जा २०८२ असोजसम्म न्यूनतम १० प्रतिशत ब्याज चुक्ता गरी पुनरतालिकीकरण/पुनरसंरचना गर्न सकिने।<br>६. ऊर्जा उत्पादनका क्षेत्रमा प्रवाह भएको कर्जाको ब्याज पुँजीकरण गर्ने सम्बन्धी व्यवस्था पुनरावलोकन गरिने।<br>७. रजिष्टर्ड जग्गा विकास तथा भवन निर्माणसँग सम्बन्धित फर्म/कम्पनीलाई प्रवाहित कर्जा आवश्यकता अनुसार पुनरसंरचना र पुनरतालिकीकरण गर्न सहजीकरण गरिने।<br>८. लघु, साना तथा मझौला व्यवसायीलाई विद्युतीय माध्यमबाट कारोबारमा आधारित भई प्रवाह गरिने कर्जामा सहजीकरण गर्न Digital Lending Guidelines परिमार्जन गरिने।<br>९. नेपाल सरकारले तोकेको पूर्वाधार क्षेत्रमा लगानी गर्ने उद्देश्यले स्थापना भएका निकायले जारी गरेका डिबेञ्चरमा बैंक तथा वित्तीय संस्थाले लगानी गर्न सक्ने व्यवस्था मिलाइने।<br>१०. नेपाल सरकारले सहुलियतपूर्ण कर्जा कार्यक्रमको व्यवस्था परिमार्जन गरेपश्चात् प्रभावकारी कार्यान्वयन गरिने | १. कर्जाको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था अध्ययन गरी आवश्यकतानुसार पुनरावलोकन गरिने।<br>२. राष्ट्रियस्तरका वित्त कम्पनीहरूका लागि निक्षेप परिचालन सीमा हटाइने।<br>३. गैर बैंकिङ सम्पत्ति सकार गरेको दुई वर्षसम्म उक्त सम्पत्तिवापत सिर्जना भएको रेगुलेटरी रिजर्भको रकमलाई पूरक पुँजीमा गणना गर्न सकिने।<br>४. बैंक तथा वित्तीय संस्थाहरूले आवश्यकतानुसार पुँजी बढाउन सक्ने।<br>५. निष्कृय कर्जा तथा गैरबैंकिङ सम्पत्ति व्यवस्थापनमा सघाऊ पुऱ्याउन सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनाको लागि कानुनको मस्यौदा तर्जुमा गरी नेपाल सरकारसमक्ष पेस गरिने।<br>६. विकास बैंक र वित्त कम्पनीहरूमा Liquidity Coverage Ratio र Net Stable Funding Ratio प्रभावकारी कार्यान्वयन भएपश्चात् कर्जा निक्षेप अनुपातसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने। |

**तालीका २: मौद्रिक लक्ष्य र कर्जा विस्तार**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ लक्ष्य/प्रक्षेपण |
|---|---|---|---|---|---|
| आर्थिक वृद्धिदर | ५.६ | २.० | ३.७ | ४.६α | ६.० |
| मुद्रास्फीति | ६.३ | ७.७ | ५.४ | ४.२α | ५.० |
| विदेशी विनिमय सञ्चिति (आयात धान्ने क्षमता, महिनामा) | ६.९ | १०.० | १३.० | १४.७α | ७.० |
| विस्तृत मुद्रा प्रदायको वृद्धिदर | ६.८ | ११.४ | १२.९ | १२.० | १३.० |
| निजी क्षेत्रतर्फको कर्जा (रु खर्बमा) | ४६.८९ | ४९.०३ | ५२.०२ | ५६.३८ | ६३.१५ |
| वार्षिक वृद्धि (रु खर्बमा) | ५.४९ | २.१४ | २.९९ | ४.३६ | ६.७६ |
| वार्षिक वृद्धि (प्रतिशतमा) | १३.३ | ४.६ | ६.१ | ८.४ | १२.० |

*नोट: α पहिलो ११ महिनाको विवरण ।*

कारण कालो सूचीमा पर्ने व्यवस्थामा लचकता अपनाइने भएको छ (तालिका १)। वैदेशिक रोजगारीमा जाने प्रयोजनका लागि पुरुषलाई रु ३ लाख र महिलालाई रु ५ लाखसम्मको कर्जामा सहजीकरण गरिएको छ। नेपाल कृषि अनुसन्धान परिषदले सिफारिस गरेका कृषि उपजहरूको उत्पादनको लागि कर्जा सहज बनाइएको छ। सेयर खरिद गर्न र पहिलो घर निर्माण/खरिद गर्न कर्जा सीमा बढाइएको छ। रु दश लाखसम्मको कृषि कर्जाको धितो मूल्याङ्कन बैंक आफैले गर्न सक्ने व्यवस्था गरिनुका साथै त्यस्तो कर्जामा ब्याजदर कम हुने व्यवस्था मिलाइएको छ। त्यसैगरी, भूकम्प प्रभावित क्षेत्रका व्यवसाय तथा व्यक्तिहरूको ऋण पुनरसंरचना/पुनरतालिकीकरण हुने व्यवस्था गरिएको छ। साथै, लघु, साना तथा घरेलु उद्यम व्यवसाय क्षेत्रको कर्जा दायरामा राजमार्ग/लोकमार्ग आसपासका होटल व्यवसायमा जाने कर्जालाई समेत समेटिएको छ। घर जग्गा व्यवसायको ऋणमा आवश्यकता अनुसार पुनरसंरचना/पुनरतालिकीकरण गर्न सकिने प्रावधान रहेको छ।

मौद्रिक नीतिले राज्यको प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रोत्साहित गर्दै उत्पादन, रोजगारी र पुँजी निर्माणलाई प्रथमिकता दिइएको छ। यसको लागि विगतमा कृषि, उद्योग, निर्माण, जलविद्युत्, लघु, साना तथा मझौला उद्योगहरूमा कर्जा प्रोत्साहित गर्न अवलम्बन गरिएका सम्पूर्ण व्यवस्थालाई निरन्तरता दिनुका साथै व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रका आधारमा कर्जा प्रवाह सहजीकरण गर्न चालु पुँजी कर्जा सम्बन्धी मार्गदर्शन परिमार्जन गरिने भएको छ।

**मौद्रिक नीतिले ब्याजदरमा थप लचकता कायम गरेको, व्यक्ति तथा व्यवसायका लागि ऋणको दायरा तथा सीमा बढाएको र बैंक तथा वित्तीय संस्थाहरूको कर्जा दिने क्षमता अभिवृद्धि गर्न सहजीकरण गरेकाले अपेक्षित स्तरको कर्जा विस्तार हुने अनुमान छ।**

अर्कोतर्फ, बैंक तथा वित्तीय संस्थाहरूको कर्जाको गुणस्तर खस्केकाले ऋण दिने क्षमता कमजोर हुँदै गएको सन्दर्भमा पुँजी वृद्धिमा सहजीकरण, कर्जा नोक्सानी व्यवस्थामा आवश्यकता अनुसार परिमार्जन, रेगुलेटरी रिजर्भलाई पुँजीमा गणना गर्न सकिने लगायतका व्यवस्थाहरू गरिएको छ।

## ४. कर्जा विस्तार प्रक्षेपण

विगत तीन वर्षदेखि मुद्रास्फीति क्रमशः कम हुँदै गएको र विदेशी विनिमय सञ्चिति सुविधाजनक स्तरमा रहेको पृष्ठभूमिमा चालु आर्थिक वर्षको मौद्रिक नीतिले वित्तीय स्थायित्वमा असर नपर्ने हदसम्मको मौद्रिक विस्तारमा जोड दिइएको छ। गत आर्थिक वर्षमा निजी क्षेत्रतर्फको कर्जा ८.४ प्रतिशत (रु ४.३६ खर्ब) ले बढ्ने अनुमान रहेकोमा चालु आर्थिक वर्षमा १२ प्रतिशत (रु ६.७६ खर्ब) ले वृद्धि हुने प्रक्षेपण रहेको छ (तालिका २)।

मौद्रिक नीतिले ब्याजदरमा थप लचकता कायम गरेको, व्यक्ति तथा व्यवसायका लागि ऋणको दायरा तथा सीमा बढाएको र बैंक तथा वित्तीय संस्थाहरूको कर्जा दिने क्षमता अभिवृद्धि गर्न सहजीकरण गरेकाले अपेक्षित स्तरको कर्जा विस्तार हुने अनुमान छ। मौद्रिक नीतिले आयातलाई थप प्रोत्साहित नगरेको हुँदा आन्तरिक उत्पादन तथा रोजगारी सिर्जनाका क्षेत्रहरूमा थप कर्जा विस्तार भई पूँजी निमार्णमा समेत योगदान पुग्ने देखिन्छ।

## ५. निष्कर्ष

गत आर्थिक वर्षमा मुद्रास्फीति र विदेशी विनिमय सञ्चिति सहज रहेको तर समष्टिगत माग कमजोर भई आर्थिक क्रियाकलाप अपेक्षित रुपमा बढ्न नसकेको पृष्ठभूमिमा मौद्रिक नीतिले कर्जा विस्तारमा जोड दिएको छ। यसको लागि ब्याजदरमा थप लचकता कायम गर्नुको साथै नियामकीय व्यवस्थाहरूबाट ऋण लिने र दिने दुबै तर्फ सहजीकरण गरिएको छ। तर मौद्रिक नीतिले साधनको उपलब्धता मात्र सुनिश्चित गर्ने भएकोले उत्पादनशील क्षेत्रमा कर्जा तथा लगानी अभिवृद्धि भई आर्थिक क्रियाकलाप विस्तारमा तिब्रता ल्याउन सरकारको वित्त नीति लगायत अन्य पक्षहरूको भूमिका समेत उत्तिकै महत्वपूर्ण हुन्छ। ■

# सुपरिवेक्षकको संरक्षण र जवाफदेहिताको सन्तुलन !



✍ **प्रदीप कुमार काफ्ले**
सहायक निर्देशक

## पृष्ठभुमि

बैंक तथा वित्तीय संस्थाहरूको नियमन, अनुगमन र मूल्यांकनका माध्यमबाट जोखिमको पहिचान, नियन्त्रण र न्यूनीकरणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउने भएकाले बैंकिङ क्षेत्रको स्थायित्व र विश्वसनीयता सुनिश्चित गर्न निरीक्षक/सुपरिवेक्षकहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। प्रभावकारी निरीक्षणले केवल नियामक मापदण्डको पालना मात्र गराउने नभएर वित्तीय प्रणालीमा पारदर्शिता, जवाफदेहिता र आचरणगत अनुशासन पनि कायम राख्दछ। निरीक्षकहरूले संस्थागत कमजोरीहरू पहिल्याई आवश्यक सुधारात्मक कदम चाल्न प्रेरित गरेको खण्डमा मात्रै निरीक्षण प्रणाली प्रभावकारी ठहरिन्छ। त्यसैले, उनीहरूको प्राविधिक दक्षता, नैतिकता, स्वतन्त्रता र जवाफदेहिता सवल, सक्षम तथा प्रभावकारी निरीक्षणको मेरुदण्ड हो। तर, के बैंक तथा वित्तीय क्षेत्रमा खटिएका निरीक्षक तथा सुपरिवेक्षकहरू सँधै नै नैतिकता र जिम्मेबारीको कसिमा अब्बल ठहरिन्छन् ? यदि सुपरिवेक्षण कार्यमा कम कमजोरी अथवा लापरवाहीको गुन्जायस रहन्छ भने, के निरीक्षण तथा सुपरिवेक्षण कार्य अनुसन्धान/नियमनको दायरामा पर्नुपर्दछ ?

कहिलेकाहीं बैंक निरीक्षकहरू आफ्नो नैतिक जिम्मेवारीहरूबाट विचलित हुने सम्भावना रहन्छ नै, जुन अवस्थामा उनीहरूको क्रियाकलाप अनुसन्धानको विषय बन्ने गरेको पाइन्छ। नियामक प्रणालीको विश्वसनीयता कायम राख्न स्वयं निरीक्षकहरूको गतिविधिमा पनि निगरानी र मूल्यांकन आवश्यक रहन्छ जसले नियामक निकायभित्र पारदर्शिता, जवाफदेहिता र संस्थागत नैतिकता सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। निरीक्षकहरूबाट हुने मिलेमतो, लापरबाही वा दुरुपयोगले सम्पूर्ण वित्तीय प्रणालीको स्थायित्वमा प्रश्न उठाउन सक्ने भएकाले, उनीहरूलाई समेत प्रभावकारी नियमन र मूल्यांकनको दायरामा ल्याउनु आवश्यक छ भन्ने मान्यता स्थापित हुँदै गएको छ। तर, अनुसन्धानको दायरामा निरीक्षक/सुपरिक्षकहरू पर्दै गर्दा सो कार्यले निरीक्षणका लागि खटिएका कर्मचारीहरूको उच्च मनोवल, द्रढता, र निर्भिकतामा खलल पुऱ्याउन सक्ने कुरामा भने यथेष्ठ ध्यान दिइनुपर्दछ। विशेषत, पछिल्ला दिनमा विकसित केही घटनाक्रमहरूका सन्दर्भमा निरीक्षक/सुपरिक्षकहरूले असल मनसायले गरेको कार्यको बचाउ र वदनियतवाट गरेको कार्यको अनुसन्धान कुन निकायले गर्ने, कसरी गर्ने भन्ने विषय स्पष्ट नहुँदा समग्रमा सुपरिवेक्षण कार्य नै प्रभावित हुन सक्ने जोखिम रहेको देखिन्छ।

## अन्तराष्ट्रिय अभ्यासहरू

अन्तर्राष्ट्रिय मानकको रूपमा रहेको बासेलद्वारा निर्दिष्ट प्रभावकारी बैंक निरीक्षणका लागि आधारभुत सिद्धान्तहरूमा निरीक्षकहरूले गर्न सक्ने ठगी/अनियमितताको सम्बन्धमा प्रत्यक्ष रुपमा उल्लेख गरिएको छैन। तर सिद्धान्त २ ले इमान्दारी, जवाफदेहिता, पारदर्शिता र आन्तरिक नियन्त्रणको अनिवार्यताका बारेमा स्पष्ट रूपमा संकेत गर्दछ।

***सिद्धान्त २ः स्वतन्त्रता, जवाफदेहिता, स्रोत साधन र कानुनी संरक्षणः*** *यस सिद्धान्तले निरीक्षक/सुपरिवेक्षकहरू राजनीतिक वा वित्तीय दबाबबाट स्वतन्त्र हुनुपर्छ, इमान्दारीपूर्वक कार्य गर्न कानुनी रूपमा सुरक्षित हुनुपर्छ र दुरुपयोग वा अनियमितता भएको खण्डमा अनुसन्धान र कारबाहीको व्यवस्था हुनुपर्छ भन्ने आशय राख्दछ।*

यस्तै, विभिन्न अन्तराष्ट्रिय निकायहरूले गरेका (BIS, FSI, FATF) अध्ययनहरूको सिफारिस अनुसार सुपरिवेक्षणको जिम्मेवारी पाएको निकायभित्र हुने आन्तरिक लेखा परीक्षण प्रणाली, नैतिकता निगरानी समिति वा इकाई, गुनासो सुन्ने संयन्त्र, गोप्य सूचना दिने प्रणाली तथा सुचना दिने कर्मचारीको संरक्षण जस्ता संरचनाहरूले निरीक्षकहरूको दुरुपयोग, अनियमितता वा मिलेमतो पत्ता लगाउने र कारबाही गर्ने आधार तयार गर्छन्।

निरीक्षकमाथिको अनुसन्धानका सम्बन्धमा विभिन्न देशका अभ्यासहरू निम्नानुसर रहेका छन् :

| क.सं. | देश | निकाय | अभ्यास |
|---|---|---|---|
| १. | संयुक्त राज्य अमेरिका | Office of Inspector General (OIG): Office of Investigations[1] | ● यस निकायलाई फेडेरल रिजर्भ बोर्ड र वित्तीय ग्राहक संरक्षण व्युरोका कार्यक्रम र सञ्चालनसँग सम्बन्धित ठगी, र दुरुपयोग विरुद्व स्वतन्त्र अनुगमन गर्ने निकायको रूपमा स्थापना गरिएको छ।<br>● यस अन्तर्गतका विशेष एजेन्टहरू बोर्ड तथा फेडेरल रिजर्भ बैंकद्वारा खटाइएका सुरक्षा निकायहरूभन्दा भूमिकागत, कार्यगत, र प्रशासनिक रूपमा पूर्णतः स्वतन्त्र, पृथक्, र भिन्न हुन्छन्।<br>● विशेष एजेन्टहरू आर्थिक ठगीसम्बन्धी जटिल अनुसन्धानहरू गर्न विशेष तालिमप्राप्त हुन्छन्। तिनीहरूले बोर्ड तथा वित्तीय ग्राहक संरक्षण व्युरोका कर्मचारीद्वारा गरिएका आपराधिक, नागरिक वा प्रशासनिक दुराचारका साथै वित्तीय क्षेत्रको नियमन तथा निरीक्षण कार्य प्रभावित पार्ने सम्भावित आपराधिक क्रियाकलापहरूमा अनुसन्धान गर्छन्।<br>● साझा चासो वा साझा क्षेत्राधिकार भएका मुद्दाहरूका अनुसन्धानहरू अमेरिकी न्याय विभाग, केन्द्रीय अनुसन्धान व्युरो र अन्य कानून कार्यान्वयन निकायहरूसँग समन्वयमा गरिन्छन्। |

1 https://oig.federalreserve.gov/investigations-what-we-do.htm

| क.सं. | देश | निकाय | अभ्यास |
| --- | --- | --- | --- |
| २. | अष्ट्रेलिया | Financial Regulator Assessment Authority[2] | ● यस निकायलाई अस्ट्रेलियन सेक्युरिटिज एण्ड इन्भेष्टमेन्ट्स कमिसन र अस्ट्रेलियन प्रुडेन्सियल रेगुलेसन अथोरिटीको कार्यक्षमता र प्रभावकारिताको मूल्याङ्कन गर्ने र त्यसबारे प्रतिवेदन तयार गर्ने जिम्मेवारी दिइएको छ । <br> ● यस निकायका प्रतिवेदनहरूले अस्ट्रेलियन सेक्युरिटिज एण्ड इन्भेष्टमेन्ट्स कमिसन र अस्ट्रेलियन प्रुडेन्सियल रेगुलेसन अथोरिटीका विद्यमान बाह्य जवाफदेहिता संयन्त्रहरूलाई पूरक बनाउने र थप मजबुत पार्ने उद्देश्य राख्दछन् । यसले प्रत्येक दुई वर्षमा कार्यक्षमता र प्रभावकारिता सम्बन्धमा प्रतिवेदन तयार पार्दछ । यी प्रतिवेदनहरू सम्बन्धित सरकारी मन्त्रीलाई बुझाइन्छ र संसदमा पेश गरिन्छ । |
| ३. | भारत | Central Vigilance Cell[3] | ● भारतीय रिजर्भ बैंकमा निगरानीसम्बन्धी कार्यहरूको समग्र जिम्मेवारी यस निकायमा (केन्द्रीय सतर्कता कक्ष) निहित हुन्छ । <br> ● यस कक्षले केन्द्रीय सतर्कता आयोग र केन्द्रीय अनुसन्धान ब्युरोसँग नियमित सम्पर्क राख्छ । कक्षको मुख्य उद्देश्य भनेको एक समग्र पूर्व-निगरानी प्रणाली विकास गर्नु हो, जुन लेखा परीक्षणको ढाँचाबाट गरिएको हुन्छ । सतर्कता सम्बन्धी समस्याहरू घटाउन र कर्मचारीहरूलाई सतर्कताका विविध पक्षहरूबारे सचेत गराउन यस कक्षले काम गर्दछ । <br> ● आयोगका विस्तारित रुपसरह कार्य गर्ने मुख्य सर्तकता अधिकृतहरूले आर्थिक हिनामिना मात्र नभई, स्वार्थको द्वन्द्व, नातावाद र सेवा निवृत्तिपछिको रोजगारी जस्ता गैर-आर्थिक विषयवस्तुहरू पनि सतर्कता कोणबाट परीक्षण गर्दछन् । <br> ● यसको उद्देश्य भनेको कर्मचारीहरूमा इमानदारी र नैतिकताको भावना विकास गर्नु र संस्थामा त्यस्ता आन्तरिक प्रणाली र नियन्त्रणहरू निर्माण गर्नु हो, जसले कुनै पनि कर्मचारीबाट हुने दुर्भावनायुक्त गतिविधिको विरुद्ध सुरक्षा कवचको रूपमा कार्य गर्न सकुन् । |

## नेपालमा विद्यमान नीतिगत व्यवस्था

**निरीक्षक/सुपरिवेक्षकको आचारसंहिता सम्बन्धमा**

नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ (दोस्रो संशोधन २०८०) को बुँदा ७ मा निरीक्षक तथा सुपरिवेक्षकको आचारसंहिताको व्यवस्था गरिएको छ । निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित कर्मचारीहरूले उच्च निष्ठा एवम् उच्च मनोवल सहित स्वतन्त्र रुपमा आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ । ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशन पालना गराउने सम्बन्धमा निरीक्षक वा सुपरिवेक्षक दृढ हुनु पर्नेछ । निरीक्षक वा सुपरिवेक्षकले डर, त्रास, धाक, धम्की, लोभ, लालच, प्रतिशोध, आस्था, मोलाहिजा आदिमा नपरी स्वतन्त्र र निर्भिकरुपले आफ्नो कर्तव्य निर्वाह गर्नुपर्नेछ । यस्तै, बुँदा १० मा निरीक्षक तथा सुपरिवेक्षकले अवलम्बन गनुपर्ने मापदण्डहरू तोकिएको छ । जसमा निरीक्षक तथा सुपरिवेक्षकले बैंक वा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून, नियम, काम कर्तव्य, कर्जा लगानी, आदि विषयहरूको समुचित जानकारी राख्नुपर्ने उल्लेख गरेको छ ।

**निरीक्षक/सुपरिवेक्षकको संरक्षणको अधिकार सम्बन्धमा**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा (१०७), बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२४, र नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ (दोस्रो संशोधन २०८०) को परिच्छेद ३ बुँदा ११ मा निरीक्षण तथा सुपरिवेक्षणमा संलग्न कर्मचारीले कर्तव्य पालनाको क्रममा सुपरिवेक्षकीय दायित्व निर्वाह गर्दा असल मनसायले गरेको कार्यको प्रतिरक्षा राष्ट्र बैकले गर्नेछ तथा सो बाट उत्पन्न हुने कुनै पनि प्रकारको कानुनी दायित्व निजले व्यक्तिगत रुपमा व्यहोर्नु नपर्ने उल्लेख गरिएको छ । तर, जानाजान वा गलत मनसायबाट गरिएको कुनै कामको सन्दर्भमा परेको मुद्दाको खर्च बैंकले व्यहोर्ने छैन । द्वेष, लापरवाही वा बदनियतबाट गरिएको कामको सम्बन्धमा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुनेछ ।

## कारबाहीको व्यवस्था

नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ (दोस्रो संशोधन २०८०) को बुदा ८ ले आचारसंहिता पालना नगर्ने निरीक्षक वा सुपरिवेक्षकलाई विभागीय कारवाही हुन सक्ने जनाएको छ । विनियमावलीमा उल्लेखित प्रावधानहरू पालना नगर्ने निरीक्षक वा सुपरिवेक्षकलाई नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम १४४ वा विनियम १४५ बमोजिम विभागीय कारवाही गरिनेछ । नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७४) को परिच्छेद १३, बुँदा १४४ मा आचरण र अनुशासन सम्बन्धी विनियमहरू उल्लंघन गर्ने वा आफ्नो कर्तव्य राम्रोसँग निर्वाह नगर्ने कर्मचारीलाई पहिलो पटक सचेत गराउन सकिने व्यवस्था गरेको छ । यस्तै, बुँदा १४५ मा सजायको किसिमहरू उल्लेख गरिएको छ ।

तसर्थ, नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ (दोस्रो संशोधन २०८०) ले निरीक्षण तथा सुपरिवेक्षण कार्यमा लोभ, लालच, द्वेष, गलत मनसाय लगायतका कसुर भएमा नेपाल राष्ट्र बैंकले नै विभागीय कारवाही गर्ने व्यवस्था गरेको छ । यस्तै, बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २८ मा प्रचलित कानुन बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्ति वा राष्ट्रसेवक संलग्न रहेको कसूरमा अख्तियार

2 https://fraa.gov.au/about-fraa

3 https://www.bis.org/review/r181012l.pdf

दुरुपयोग अनुसन्धान ऐन, २०४८ र भ्रष्टचार निवारण ऐन, २०५९ बमोजिम कारवाही र सजाय हुने रहेछ भने सोही ऐनहरू बमोजिम कारबाही र सजाय हुनेछ ।

## विश्लेषण

नेपाल राष्ट्र बैंकले हाल जोखिममा आधारित सुपरिवेक्षण प्रणाली अवलम्बन गरेको छ । यस प्रणाली अन्तर्गत निरीक्षणको दायरा सीमित नमूनाको छनोट र उच्च जोखिम भएका विशेष क्षेत्रहरूमा केन्द्रीत हुने गरि तय गरिन्छ । साथै बैंकले उपलब्ध गराएको कागजात तथा सूचनाको आधारमा सिमित समयमा निरीक्षण कार्य सम्पन्न गर्नुपर्ने तथा निरीक्षण गर्दाको बखत राम्रो अवस्थामा रहेका कर्जा फाईल तथा सम्पत्तीको गुणस्तर समयक्रमसँगै कमजोर बन्दै जान सक्दछ । तसर्थ, प्रत्येक ऋण फाइल वा हरेक क्षेत्रमा देखिएको त्रुटिका लागि निरीक्षकहरूलाई व्यक्तिगत रूपमा उत्तरदायी ठहर गर्नु तर्कसंगत हुँदैन । निरीक्षणको उद्देश्य भनेको संस्थाको प्रणालीगत जोखिमको मूल्यांकन गर्ने हो । सम्पूर्ण कारोबार वा फाइलहरूको विस्तृत परीक्षण गर्ने र सो को ग्यारेन्टी दिने होइन । त्यसैले, निरीक्षकहरूले आफ्नो कार्यक्षेत्र भित्र रही प्राविधिक क्षमता, ईमान्दारी र नियामक मापदण्ड अनुसार कार्य सम्पादन गरेका छन् भने सबै खालका नतिजा वा त्रुटिहरूको जिम्मेवारी व्यक्तिगत रूपमा उनीहरूलाई तोक्नु अनुचित हुन्छ ।

यदि निरीक्षकहरूबाट अधिकारको दुरुपयोग, बैंक तथा वित्तीय संस्थासँगको मिलेमतो वा व्यक्तिगत लाभका लागि लापरवाहीपूर्ण कार्य गरेको पाईएमा त्यस्तो क्रियाकलापको निष्पक्ष अनुसन्धान गरिनु आवश्यक हुन्छ । तर, यी अनुसन्धानहरू राजनीतिक हस्तक्षेपको माध्यम बने भने केन्द्रीय बैंकको स्वायत्ततामै क्षति पुग्न सक्छ । त्यसैले निरीक्षकहरूको अनुसन्धान स्वतन्त्र र आन्तरिक नियमन संयन्त्रहरू वा कानुनी निकायमार्फत निष्पक्ष ढंगले गर्नुपर्छ, जसले स्वतन्त्रता र जवाफदेहिताबीचको सन्तुलन कायम राख्न सघाउ पुऱ्याउँछ ।

विद्यमान ऐन कानुनलाई मध्यनजर गर्दा निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी कार्यहरूमा हुने लोभ, लालच, द्वेष, गलत मनसाय, लापरवाहीका विषयमा नेपाल राष्ट्र बैंकको कर्मचारी सेवा विनियमावलीमा सजायको व्यवस्था गरेको छ । तसर्थ, कसुरको प्रकृति र गाम्भिर्यताको विश्लेषण गर्न प्रारम्भीक अनुसन्धान नेपाल राष्ट्र बैंक आफैले गर्नु पर्दछ । र, सो कसुरमा विभागीय कारवाही यथेष्ट नहुने र फौजदारी मुद्दा लगाउनु पर्ने/बैंकिङ कसुर आकर्षित हुने अवस्थामा मात्र अन्य न्यायिक/अर्ध-न्यायिक निकायसँगको समन्वयमा अनुसन्धानात्मक कार्य अघि बढाउन तर्कसङगत हुने देखिन्छ । बैंकिङ कसुर आकर्षित हुने विषयमा भने अन्य निकायहरूले अनुसन्धान गर्न बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ ले नै प्रावधान तोकिदिएको छ ।

यसरी गरिने अनुसन्धानहरू अत्यन्तै गोप्य अनुसन्धान विधि अपनाएर गरिनुपर्दछ । संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, भारत लगायतका देशहरूमा सो सम्बन्धी मामिलामा अनुसन्धान गर्ने निकायले उच्च गोपनियता कायम गरेको देखिन्छ । केन्द्रिय बैंकका निरीक्षकहरूले निरीक्षण र सुपरिवेक्षण गर्ने विषयहरू कैयौं हुन्छन र प्रत्येक विषय समाचार बन्दै जाने हो भने कार्यरत कर्मचारीहरूको मनोवल र इच्छाशक्तिमा उच्च गिरावट आउनु निश्चितप्राय छ । यस्तै बैंक तथा वित्तीय संस्था सँग सम्बन्धित विषयहरू संवेदनशील र गम्भीर प्रकृतिका हुने भएकाले यसको असर समग्र बैंकिङ स्थायित्वमा पनि पर्न सक्दछ ।

> **नेपाल राष्ट्र बैंकका निरीक्षकहरूले आफ्नो सुपरिवेक्षकीय अधिकार प्रयोग गर्दा मनसाय ठिक छ र प्रक्रिया नियमानुसार छ भने उनीहरूलाई पर्ने नकारात्मक असरबाट संरक्षण गर्नु पर्दछ । बैंकिङ प्रणालीको स्थायित्व अत्यन्त संवेदनशील विषय भएकोले निरीक्षकहरूप्रति अनावश्यक दबाब वा डरको वातावरणले समग्र नियामक क्षमतामा नै क्षति पुऱ्याउने सम्भावना रहन्छ ।**

अन्तत, कार्यविधि कानुन अन्तगर्तको 'प्राकृतिक न्यायको सिद्वान्त' अनुसार सुनुवाईको अवसर विना कसैलाई दोषी ठहर गर्न नहुने विश्वव्यापी रुपमा सर्वमान्य नियम रहेको छ । बैंकको निरीक्षणमा खटिएका निरीक्षक अथवा सुपरिवेक्षकले ऐनले दिएको अधिकारको प्रयोग गरी नेपाल राष्ट्र बैंकको पक्षमा गरेको निरीक्षणमा नेपाल राष्ट्र बैंक प्रथम पक्ष रहन्छ । यसरी प्रमुख पक्षलाई आन्तरिक अनुसन्धान/सुनुवाईको मौका नदिई कसैले ऐनको अधिनमा रहि गरेको कार्यलाई अन्य कुनै अर्ध-न्यायिक निकायले अनुसन्धानका नाममा गर्ने हस्तक्षेपलाई कानुनी रुपले पनि तर्कसंगत मान्न सकिँदैन । यस्तै, कुनै अर्ध-न्यायिक निकायले सो सम्बन्धमा नेपाल राष्ट्र बैंकको समन्वयविना एकतर्फि अनुसन्धनात्मक हस्तक्षेप गरिरहँदा 'दोहोरो खतराको सिद्वान्त (Doctrine of Double Jeopardy)' को समेत पालना नहुने स्थिति देखिन्छ । कुनै पनि व्यक्तिले कानुनको उल्लङ्घन गरेमा एउटै कसुरमा पटक पटक सजाय प्राप्त गर्नु हुँदैन । तर, कुनै अर्ध-न्यायिक निकायले नेपाल राष्ट्र बैंक सँगको समन्वय विना एकतर्फी अनुसन्धान गरिरहँदा कोही व्यक्ति सोहि मुद्दामा दोहोरो सजाय भोग्न सक्ने स्थिति बन्न सक्दछ ।

## सारांश

बैंक निरीक्षकहरूलाई दिइएको अधिकार अत्यन्तै संवेदनशील र प्रणालीगत स्थायित्वसँग प्रत्यक्ष जोडिएको हुँदा उनीहरूको कार्यसम्पादनमा जवाफदेहिता सुनिश्चित गर्नु पर्दछ । निरीक्षकहरूले गलत मनसायसहित गरेका कुनै पनि क्रियाकलाप, जस्तै नियमनको अनुचित प्रयोग, बैंक तथा वित्तीय संस्थासँगको अनुचित सम्बन्ध, वा भ्रष्टाचारजन्य आचरणहरू उचित ढंगले अनुसन्धानको दायरामा पर्नुलाई अन्यथा मान्नु हुँदैन । तर, अनुसन्धानको प्रक्रिया आफैँमा निष्पक्ष, व्यावसायिक, र कानूनी मान्यताअनुसार हुनुपर्छ, जसमा कुनै प्रकारको राजनीतिक हस्तक्षेप, व्यक्तिगत प्रतिशोध, वा नियामकीय स्वायत्तता कमजोर पार्ने मनसाय हुनु हुँदैन । यसका लागि पहिलो चरणमा अनुसन्धानको प्रक्रिया केन्द्रीय बैंकको आफ्नै स्वतन्त्र निकाय वा अन्य सम्बन्धित नियामक संस्थासँगको समन्वयमा सञ्चालित हुनुपर्दछ । प्रथम चरणमा गरिएको छानविनमा दोषी देखिएमा बैंकको कर्मचारी सेवा विनियमावली अनुरुप अनुशासनात्मक कारवाही गरिने र फौजदारी मुद्दा/बैंकिङ कसुर आकर्षित हुने भएमा मात्र अन्य अर्धन्यायीक निकायमा गोप्यरुपमा अनुसन्धान अघि बढाउन लगाई सबुत प्रमाणसहित न्यायिक निकायमा पेश गर्नु उपयुक्त हुने देखिन्छ ।

साथै, नेपाल राष्ट्र बैंकका निरीक्षकहरूले आफ्नो सुपरिवेक्षकीय अधिकार प्रयोग गर्दा मनसाय ठिक छ र प्रक्रिया नियमानुसार छ भने उनीहरूलाई पर्ने नकारात्मक असरबाट संरक्षण गर्नु पर्दछ । बैंकिङ प्रणालीको स्थायित्व अत्यन्त संवेदनशील विषय भएकोले निरीक्षकहरूप्रति अनावश्यक दबाब वा डरको वातावरणले समग्र नियामक क्षमतामा नै क्षति पुऱ्याउने सम्भावना रहन्छ ।

तसर्थ, नियामकको उत्तरदायित्व र संरक्षणबीचको सन्तुलनलाई व्यावहारिक, कानूनी र संस्थागत तहमा मजबुत बनाउँदै, एक जिम्मेवार, सक्षम र स्वायत्त नियामक प्रणालीको निर्माण गर्नु वर्तमान समयको आवश्यकता हो । ■

## Major Financial Indicators

as on Asar End, 2082 (Mid-July, 2025)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 107.11 | 10.32 | 2.15 | 119.59 |
| 2 | Total Credit/GDP | 81.27 | 8.62 | 1.71 | 91.60 |
| 3 | Total Credit/ Total Deposit** | 75.87 | 83.53 | 79.26 | 76.59 |
| 4 | CD Ratio* | 75.02 | 83.18 | 78.83 | 75.79 |
| 5 | Fixed Deposit/Total Deposit | 47.59 | 48.89 | 65.29 | 48.02 |
| 6 | Saving Deposit/Total Deposit | 36.56 | 39.74 | 23.92 | 36.60 |
| 7 | Current Deposit/Total Deposit | 7.78 | 2.69 | 1.50 | 7.23 |
| 8 | Call Deposit/Total Deposit | 7.36 | 8.55 | 9.23 | 7.49 |
| 9 | NPL/ Total Loan^ | 4.44 | 5.03 | 11.05 | 4.62 |
| 10 | Total LLP /Total Loan | 4.97 | 5.25 | 10.35 | 5.09 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.40 | 6.61 | 5.48 | 5.52 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 8.11 | 6.89 | 7.86 | 8.00 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 16.37 | 13.78 | 11.37 | 16.05 |
| 3 | Total Liquid Assets/Total Deposit | 25.15 | 22.47 | 24.87 | 24.92 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 10.05 | 10.74 | 11.44 | 10.13 |
| 2 | Total Capital/RWA | 12.90 | 13.34 | 13.93 | 12.95 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,099 | 1,132 | 291 | 6,522 |
| 3 | No. of Deposit Accounts | 51,380,289 | 7,515,806 | 985,258 | 59,881,353 |
| 4 | No.of Loan Accounts | 1,638,285 | 268,817 | 54,367 | 1,961,469 |
| 5 | No. of Branchless Banking Centers | 816 | 6 | - | 822 |
| 6 | No. of Branchless Banking Customers | 276,653 | 1,027 | - | 277,680 |
| 7 | No. of Mobile Banking Customers | 23,787,529 | 3,659,016 | 294,739 | 27,741,284 |
| 8 | No. of Internet Banking Customers | 1,601,513 | 599,316 | 18,512 | 2,219,341 |
| 9 | No. of ATMs | 4,878 | 344 | 41 | 5,263 |
| 10 | No. of Debit Cards | 12,373,593 | 1,216,322 | 75,877 | 13,665,792 |
| 11 | No. of Credit Cards | 315,138 | 3,290 | - | 318,428 |
| 12 | No. of Prepaid Cards | 245,992 | 4,092 | - | 250,084 |

| | | |
|---|---|---|
| **E. Interest Rate(%)** | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **4.19** |
| | (a) Saving | 3.37 |
| | (b) Fixed | 5.79 |
| | (c) Call | 1.05 |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **7.85** |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2024/25(P) stands at Rs. 6,107,220 million (Source:https://nsonepal.gov.np/content/13365/annuppout-statistics-regarding-national-audit-of-national/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Chaitra end of FY2081/82 (2024/25)

$$*\text{CD Ratio} = \frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

$$**\text{Total Credit / Total Deposit} = \frac{Total\ Credit}{Total\ Deposit}\quad \text{(As per balance sheet)}$$

Table 1
Selected Macroeconomic Indicators

| | Heading | 2020/21 | 2021/22 | 2022/23 | 2023/24$ | 2024/25$$ |
|---|---|---|---|---|---|---|
| A | Real Sector (growth and ratio in percent) | | | | | |
| | Real GDP at basic price | 4.5 | 5.3 | 2.3 | 3.4 | 4.0 |
| | Real GDP at purchasers' price | 4.8 | 5.6 | 2.0 | 3.7 | 4.6 |
| | Nominal GDP at purchasers' price | 11.9 | 14.3 | 7.8 | 6.4 | 7.0 |
| | Gross National Income (GNI) | 11.2 | 14.4 | 8.5 | 6.9 | 6.7 |
| | Gross National Disposable Income (GNDI) | 10.8 | 12.4 | 11.0 | 8.5 | 7.4 |
| | Gross Capital Formation / GDP | 35.2 | 37.6 | 31.1 | 30.4 | 28.1 |
| | Gross Fixed Capital Formation / GDP | 29.3 | 29.0 | 24.6 | 24.3 | 24.1 |
| | Gross Domestic Savings / GDP | 6.4 | 6.6 | 7.2 | 6.2 | 6.6 |
| | Gross National Savings / GDP | 31.5 | 29.6 | 33.9 | 35.4 | 36.2 |
| | Gross Domestic Product( Current Price) (Rs in billion) | 4352.6 | 4976.6 | 5367.0 | 5709.1 | 6107.2 |

| | Heading | 2020/21 | 2021/22 | 2022/23 | 2023/24 | 2024/25 |
|---|---|---|---|---|---|---|
| B | Prices Change ( percent) | | | | | |
| | CPI (y-o-y) | 4.19 | 8.08 | 7.44 | 3.57 | 2.20 |
| | Food CPI (y-o-y) | 5.94 | 6.70 | 7.01 | 4.04 | -1.19 |
| | Non-food CPI (y-o-y) | 3.04 | 9.01 | 7.72 | 3.26 | 4.12 |
| | CPI Annual / Period Average | 3.60 | 6.32 | 7.74 | 5.44 | 4.06 |
| | National Wholesale Price Index (y-o-y) | 8.21 | 12.74 | 4.98 | 4.41 | 1.05 |
| | National Wholesale Price Index Annual / Period Average | 7.61 | 9.51 | 8.47 | 3.92 | 3.84 |
| | Salary and Wage Index (y-o-y) | 2.76 | 9.09 | 8.71 | 3.56 | 2.63 |
| | Salary and Wage Index Annual / Period Average | 1.60 | 6.65 | 9.90 | 5.09 | 2.85 |
| C | External Sector (growth in percent) | | | | | |
| | Export (Rs. in billion) | 141.1 | 200.0 | 157.1 | 152.4 | 277.0 |
| | Import (Rs. in billion) | 1539.8 | 1920.4 | 1611.7 | 1593.0 | 1804.1 |
| | Export Growth | 44.4 | 41.7 | -21.4 | -3.0 | 81.8 |
| | Import Growth | 28.7 | 24.7 | -16.1 | -1.2 | 13.3 |
| | BOP(-Deficit) (Rs. in billion) | 1.2 | -252.4 | 285.8 | 502.5 | 594.5 |
| | Current Account Balance (Rs. in billion) | -333.7 | -623.4 | -45.9 | 221.7 | 409.2 |
| | Workers' Remittances (Rs. in billion) | 961.1 | 1007.3 | 1240.7 | 1445.3 | 1723.3 |
| | Gross Foreign Exchange Reserves (Rs. in billion) | 1399.0 | 1215.8 | 1539.4 | 2041.1 | 2677.7 |
| | Gross Foreign Exchange Reserves (USD in million) | 11752.6 | 9512.6 | 11708.8 | 15270.9 | 19502.4 |
| D | Financial Sector (growth and interest rate in percent) | | | | | |
| | Broad Money (M2) (y-o-y) | 22.7 | 6.8 | 11.2 | 12.9 | 12.5 |
| | Narrow Money (M1) (y-o-y) | 22.8 | -9.3 | 1.2 | -1.7 | 22.0 |
| | Domestic Credit (y-o-y) | 27.1 | 14.5 | 8.9 | 6.1 | 6.2 |
| | Claims on Private Sector (y-o-y) | 26.3 | 13.3 | 4.6 | 6.1 | 8.1 |
| | Reserve Money (y-o-y) | 5.2 | -11.4 | 12.1 | 7.7 | 16.1 |
| | 91-day T-bills Rate* | 4.55 | 10.66 | 6.35 | 3.00 | 2.95 |
| | 364-day T-bills Rate* | 4.16 | 10.19 | 7.00 | 3.19 | 2.98 |
| | Weighted Average Interbank Rate of Commercial Banks* | 4.12 | 6.99 | 2.98 | 2.99 | 2.92 |
| | Weighted Average Deposit Rate of Commercial Banks* | 4.7 | 7.41 | 7.86 | 5.77 | 4.19 |
| | Weighted Average Lending Rate of Commercial Banks* | 8.4 | 11.62 | 12.30 | 9.93 | 7.85 |
| | Base Rate* | 6.86 | 9.54 | 10.03 | 8.00 | 6.02 |
| | Total Deposits (Rs. in billion) | 4662.7 | 5082.8 | 5710.0 | 6452.4 | 7263.9 |
| | BFIs Credit to Private Sector (Rs. in billion) | 4084.8 | 4621.1 | 4797.0 | 5074.0 | 5497.7 |
| | NEPSE Index (Closing) | 2883.4 | 2009.5 | 2097.1 | 2240.4 | 2794.8 |
| | Market Capitalization/GDP | 92.2 | 57.7 | 57.4 | 62.3 | 76.3 |
| E | Public Finance (growth and ratio in percent) | | | | | |
| | Revenue Growth (%) | 16.0 | 14.1 | -9.3 | 7.1 | 10.5 |
| | Expenditure Growth (%) | 9.7 | 9.5 | 8.5 | -2.0 | 9.3 |
| | Domestic Debt (Rs. in billion) | 800.3 | 984.3 | 1129.1 | 1180.9 | 1268.2 |
| | External Debt (Rs. in billion) | 934.1 | 1025.8 | 1170.2 | 1257.9 | 1401.4 |
| | Revenue / GDP | 22.4 | 22.4 | 18.8 | 19.0 | 19.6 |
| | Recurrent Expenditure / GDP | 19.4 | 19.2 | 18.5 | 16.3 | 16.1 |
| | Capital Expenditure / GDP | 5.3 | 4.3 | 4.4 | 3.4 | 3.6 |
| | Domestic Debt / GDP | 18.4 | 19.8 | 21.0 | 20.7 | 20.8 |
| | External Debt / GDP | 21.5 | 20.6 | 21.8 | 22.0 | 22.9 |

**Weighted average of mid Jun-mid Jul*

***Weighted average of mid-June-mid July*

*$ Real Sector figures are revised estimate by National Statistics Office in 2025*

*$$ Real Sector figures are preliminary estimate by National Statistics Office for mid-July 2025*

*y-o-y : mid-July to mid-July*

*Revenue Growth also includes Other receipts*

*From 2022/23, domestic debt includes IMF Promissory Notes.*

# बैंकर्स प्रशिक्षण केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न







बैंकर्स प्रशिक्षण केन्द्रले २०८२ साउन महिनामा दुईवटा तालिम कार्यक्रमहरू सम्पन्न गऱ्यो। यस क्रममा केन्द्रले २६ र २७ गते थापाथलीमा "Liquidity Management: Theories and Practices" विषयक अधिकृत स्तरीय तालिम आयोजना गऱ्यो। Monetary Policy and Liquidity Management in Nepal, Monetary Operation and Liquidity Management, Liquidity Indicators, Monitoring and Forecasting, Legal Framework and Guidelines of Open Market Operations and Standing Facilities, Interest Rate Corridor Policy and Implementation लगायतका छ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

यसैगरी, केन्द्रले असार ३० देखि साउन ९ गतेसम्म नवनियुक्त सहायकहरूका लागि पूर्व-सेवाकालीन तालिम सञ्चालन गऱ्यो। कार्यक्रममा १८ जना नवनियुक्त सहायकहरूको सहभागिता रहेको थियो। उक्त तालिम कार्यक्रम २७ जना आन्तरिक र २ जना बाह्य गरी २९ जना श्रोत व्यक्तिहरूबाट सञ्चालन गरिएको थियो। ■

# दाहाल कार्यकारी निर्देशकमा बढुवा

नेपाल राष्ट्र बैंकका निर्देशक (अधिकृत प्रथम) अनुज दाहाल २०८२ साल साउन २० गते कार्यकारी निर्देशक (अधिकृत विशिष्ट) पदमा बढुवा हुनुभएको छ। वि.सं. २०६२ माघ २ गते सेवा प्रवेश गर्नुभएका दाहाल २०७५ असोज ४ गते निर्देशक पदमा पदोन्नति हुनुभएको थियो। *नेपाल राष्ट्र बैंक समाचार* उहाँलाई हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछ। ■

# अवकाश

वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक प्रदीप राज पौड्यालले २०८२ साउन १७ देखि ५८ वर्ष उमेरहदका आधारमा बैंक सेवाबाट अवकाश पाउनुभएको छ। २०५४ मङ्सिर २२ गते बैंक सेवामा प्रवेश गर्नुभएका पौड्यालले वित्त व्यवस्थापन विभागसँगै मुद्रा व्यवस्थापन विभाग, सुचना प्रविधि विभाग, गैर बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागको नेतृत्व सम्हाल्नुभएको थियो।

यसै गरी, ३० वर्ष सेवा अवधिका आधारमा बैंकिङ विभाग र मुद्रा व्यवस्थापन विभागका कार्यालय सहयोगी प्रथम क्रमशः हिरा लक्ष्मी नेपाली र साउचा पोडे साउन १ मा, ५८ वर्ष उमेरहदका आधारमा विराटनगर कार्यालयका प्रधान चालक सत्रुघ्न सिङ दनुवार साउन ५ मा र सिद्धार्थनगर कार्यालयका कार्यालय सहयोगी तृतीय अशोक कुमार बर्मा साउन ६ गते देखि अवकाश हुनुभएको छ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

**सूचना तथा सञ्चार महाशाखा**

बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. संजयप्रसाद मिश्र**

*सम्पादन सहयोगी*

रोशन सेढाई

नीरज पाण्डेय

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल